
# लेखापरीक्षण प्रतिवेदन

# कीर्तिपुर नगरपालिका

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कीर्तिपुर नगरपालिका

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/400

**विषयः**लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

काठमाण्डौ

**कैफियतसहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण,स्थानिय संचितकोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएकोआर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण,स्थानिय संचितकोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाकोआर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय

हस्तान्तरणबाट प्राप्त भएको सामाजिकसुरक्षा तथा संरक्षणको रु. १६ करोड ४६ लाख ३९ हजार, स्वास्थ्यक्षेत्र सुधार कार्यक्रमको रु.१ करोड ६० लाख ८७ हजार, समेत गरी रु. १८ करोड ०७ लाख २६हजार समावेश गरेको छैन ।

२. नगरपालिकाकोरु. २ अर्व २७ करोड ८१ लाख ९२ हजारकोलेखापरीक्षण गरिएकोमा रू. ३ करोड ९३ लाख ९२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ६६ लाख ४२ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. ५४ लाख ५८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड १८ लाख ७७ हजार. नियमित गर्नुपर्ने रु. ५३ लाख ७९ हजार र पेश्की वाँकी रु. ३५ हजार रहेको छ। गत वर्षसम्म रु. ३४ करोड २२ लाख ४५ हजार बेरुजू बाँकी रहेकोमा रु.२ करोड ४७ लाख १८ हजार सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु.३५ करोड २४ लाख ८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको,स्विकृत कार्षक्रममा लक्ष्य अनुसार प्रगति हुन नसकेकोले विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, , आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८२ | १६४ | ३,९३,९२,३२० | ० | १९ | ६६,४२,०३९ | ० | ८२ | १४५ | ३,२७,५०,२८१ | ५४,५८,९२४ | ५३,७९,२०४ | २,१८,७७,१५३ | ० | ० | २,७२,५६,३५७ | ३५,००० |

**अद्यावधिक बेरुजू स्थिति**

**रू हजारमा**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ३४२२४५ | ० | २४७१८ | ३१७५२७ | २१३१ | ३२७५० | ३५२४०८ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | १४.१ | धरौटी तथा कोष व्यवस्थापन | २२,२५,९९९ |
| २ | २०८०/८१ | २० | भरपाई तथा प्रमाण पेश गर्नुपर्ने- | २३,७३० |
| ३ | २०८०/८१ | २५.७ | शिक्षा तर्फ | ३,००,००० |
| ४ | २०८०/८१ | ३२.१ | नगरपालिका चालु | ८,९६,८०१ |
| ५ | २०८०/८१ | ४५ | नवीकरणीय उर्जा - | ९,९०,००० |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ४६.१२ | उपभोक्ता समितिको काम | ५,०५९ |
| ७ | २०८०/८१ | ४७ | पेश्की वाँकि | २०,०४,४५० |
| ८ | २०८०/८१ | ४६.१३ | दैबी कोष कट्टी | १९६००० |
| ८ | २०७९/८० | ६५ | पुष्पलाल स्मृति प्रतिष्ठान | ९९,००,००० |
| ९ | २०७८/७९ | २४ | पेश्की बाँकी | १४८१८६५३ |
| जम्मा | | | | ३१३६०६९२ |

# (८०३३५४०२३०० - कीर्तिपुर नगरपालिका )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :** नेपालको इतिहासमा कीर्तिपुर एउटा आफ्नो छुट्टै अस्तित्वमा अगाडि बढिरहेको ऐतिहासिक नगर हो । नेवार जातिहरुको मुख्य बसोबास रहेको ऐतिहासिक कीर्तिपुर नगर वि.सं २०५३ चैत्र १४ गते तत्कालिन आठ गा.वि.स. हरु (लायकु, चिठु बिहार, पालिफल, बाहिरी गाउँ, पाँगा विष्णुदेवी, पाँगा बालकुमारी, चोभार भुतखेल र चम्पादेवी) गाभेर नगरपालिका ऐन, २०४८ अनुसार गठन भएको हो । संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यंक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।१०।२५ देखि २०८१ ।११। ०७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको अन्य कारोबारतर्फ रु.२,२७,८१,९२,४४९।४४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा असुल भएको छैन ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

आय व्यय विवरण

कीर्तिपुर नगरपालिका काठमाण्डौ

२०८०।८१

| सि.न | आयतर्फ | | | सि.न | ब्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा | | विवरण | रकम | जम्मा |
| | गत वर्षको जिम्मेवारी | | ३६२०४६२६३।८२ | 1 | न.पा विवरण | | ९७८३८४३४४।३८ |
| | क) संचित कोष | २७२२७३१८०।७९ | | | क) चालु खर्च | ६१६८१७७६२।५६ | |
| | ख) अन्य कोष | ८९७७३०८३।०३ | | | ख) पुँजीगत खर्च | ३६१५६६५८१।८२ | |
| 2 | राजश्व आन्तरिक आय | | ४००८२३९४८।४१ | 2 | अन्तरसरकारी निकासा | | १८०७२६२५४।८० |
| | क) आन्तरिक राजश्व | १८२५४६७२६।३९ | | | क) सामाजिक सुरक्षा | १६४६३९१५०।०० | |
| | ख) राजश्व बाँडफाँड | २१५६६९६१३।०२ | | | ख) स्वास्थ्य सुधार रपर्यटन पुर्वाधार | १६०८७१०४।८० | |
| | ग) अन्य आय | २६०७६०९।०० | | 3 | मौज्दात | | ३२२०१७५१४।९० |
| 3 | वित्तिय हस्तान्तरण संघ | | ४५७५९१८८३।९४ | 4 | क) संचित कोष | २१९५२०४२४।६१ | |
| | क) समानिकरण अनुदान | १७२७९४०००।०० | | | ख) प्रकोप ब्यवस्थापन कोष | १०२४७५४०।४८ | |
| | ख) सशर्त अनुदान | २७३३१८१२१।९४ | | | ग) धरौटी | २०७८४७३९।८१ | |
| | ग) समपुरक अनुदान | १००००००००।०० | | | घ) विविध खर्च खाता | ८९०६५०५।२२ | |
| | घ) विशेष अनुदान | १४७९७६२।०० | | | ङ) कर्मचारी कल्याण कोष | ६२५२०२१६।४६ | |
| 4 | प्रदेश सरकार बाटप्राप्त अनुदान | | ४५६३८४३९।०० | | च) आकस्मीक कोष | ३८०८८।३२ | |
| | क)वित्तिय समानिकरण अनुदान | २०४६१०००।०० | | | | | |
| | ख) सशर्त अनुदान | ११३७७०२८।०० | | | | | |
| | ग) समपुरक अनुदान | १३८००४११।०० | | | | | |
| 5 | विभिन्न कोष तर्फको आय | | ३४३०१३२४।११ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) कर्मचारी कल्याण कोष खाता | ११६२०२७३।२० | | | | | |
| | ख) प्रकोप ब्यवस्थापन कोष | २३८१८०८।०० | | | | | |
| | ग) धरौटी आय | ५७४६९५१।८९ | | | | | |
| | घ) विविध खर्च खाता | १४५५२२९१।०२ | | | | | |
| 6 | अन्तरसरकारी निकासा | | १८०७२६२५४।८० | | | | |
| | क) समाजिक सुरक्षा | १६४६३९१५०।०० | | | | | |
| | ख) स्वास्थ्य सुधार | १६०८७१०४।८० | | | | | |
| | जम्मा | | १४८११२८११४।०८ | | | | १४८११२८११४।०८ |

२.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नु पर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नु पर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू १६,४६,३९,१५०।०० स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू १,६०,८७,१०४।८० समेत गरी रू १८,०७,२६,२५४।८० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ३६,२०,४६,२६३।८२ यस वर्षको प्राप्ति रु १,११,९०,८१,८५०।२६ यस वर्षको भुक्तानी रु११,५९,११,०५९९।९९ र बैङ्क मौज्दात रु ३२,२०,१७,५१४।९० रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्रअनुसारकोवार्षिकप्रतिवेदन (म.ले.प.फा.नं. २७०) | ३६,२०,४६,२६३।८२ | ९३,८३,५५,५९५।४६ | ९७,८३,८४,३४४।३८ | ३२,२०,१७,५१४।९० |
| एकीकृत आर्थिक विवरण अनुसार | ३६,२०,४६,२६३।८२ | १,११,९०,८१,८५०।२६ | १,१५,९१,१०,५९९।९९ | ३२,२०,१७,५१४।९० |
| फरक | | १८,०७,२६,२५४।८० | १८,०७,२६,२५४।८० | |

२.४

**बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गर्दा पनि वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ ।

| सि.नं. | खाता | स्रेस्ता अनुसार मौज्दातरु. | बैङ्कस्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दातरु. | फरक रु. |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | २१९५२०४२४।६१ | १९५२०४२४।६१ | |
| २ | चालु खाता | ०.०० | ०.०० | |
| ३ | पूँजीगत खाता | ०.०० | ०.०० | |
| ४ | विविध खर्च खाता | ८९०६५०५।२२ | ८९२३३७।२२ | |
| ५ | कर्मचारी कल्याण कोष | ६२५२०२१६।४६ | ६२५२०२१६।४६ | |
| ६ | विपत/प्रकोप व्यवस्थापन कोष | १०२४७५४०।४८ | १०२४७५४०।४८ | |
| ७ | विविध खर्च खाता | ०० | ८९२३२३७।२२ | |
| ८ | आकस्मिक कोष | ३८०८८।३२ | ३८०८८।३२ | |
| ९ | धरौटी खाता | २०७८४७३९।८१ | २०७८४७३९।८१ | |
| | जम्मा | | | ९०९०६९।२० |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्क बीच हिसाब मिलान गर्नुपर्दछ।कार्यालयले हिसाव मिलान गरेता पनि म. ले. प. फा. न.२७० सुत्रको अनुसूची भिडान गर्दा श्रेस्ता भन्दा बैक रू ९,०९,०६९।२० बढी देखिन्छ। ।अतः पालिकाले हिसाव मिलान गर्नुपर्दछ ।

३ **बजेट तथा कार्यक्रम तर्जुमा**

३.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा नगर उप-प्रमुख**ले** मिति २०८१।०३।१० गते रु १ अर्व ३३ करोड ९३ लाख १२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१७ मा पारित भएको छ।यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।२१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

३.३ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा

निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नुपर्दछ ।

३.४ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ।यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू ३६ करोड १५ लाख ६६ हजार पूँजीगत खर्च (मालसामान खरिद तथा निर्माण कार्य) गरेको छ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३.५ **अवण्डा बजेट** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाई कार्यान्वियन गर्ने र उपदफा ६ मा गाउपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पर्वानुमान, आयोजनको प्रथिमिकीकरण, योजना कायान्वयन तालिका र अनुगमन तथा मुल्याङ्कन योजना तयार गर्नु पर्ने ब्यवस्था छ।यस पालिकाले आर्थिक बर्ष २०८०।८१ मा निम्न शिर्षकमा एकमुष्ट बजेट राखी पटक पटक उपभोक्ता समिति गठन गरी योजनामा खर्च गरेको देखिन्छ ।साथै यसरी खर्च गर्दा नगरसभा निर्णय गरी खर्च गर्नु पर्नेमा सो नगरी खर्च गरी सके पछि पालिकाले खर्च गरेको रकमको एकमुष्ट समर्थन गर्ने गरेको देखिन्छ।स्थानीय सरकार संचालन ऐनमा भएको ब्यवस्था पालना नगरी रकम एकमुष्ट अवण्डा राख्ने र तोक आदेशको आधारमा योजना छनौट गरी खर्च गरेको नियमसंगत देखिएन ।अत पालिकाले सरकार संचालन ऐनको पालना नगरी खर्च गर्नुपर्दछ।

| सि. नं. | कार्यक्रमको नाम | अवण्डा रकम | योजना संख्या | खर्च रकम |
|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार शिर्षकमा | १८९५२००० | १३ | ९७५८७१८ |

३.६ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेपर्ने व्यवस्था रहेको छ।यस पालिकाले आवधिक योजना तयार गरेको छैन।आवधिक योजना तयार गरी त्यसमा समावेश भएका विषयवस्तुलाई वार्षिक वजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

३.७ **योजना कार्यान्वियन नभएको**-सभाबाट पारित भई बजेट व्यवस्था भएका ४९१ योजना तथा कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा २४० वटा योजना कार्यान्वियन भएको देखिएन।योजना कार्यान्वियन, कार्यान्वियनमा रहेका समस्या पहिचान तथा समाधान गरी पारित योजना कार्यान्वयन हुनुपर्दछ ।कार्यान्वियन नभएका केहि योजनाको उदाहरण निम्नानुसार रहेका छन् ।

| क्र.सं. | योजनाको नाम | खर्च संकेत | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | देवपोखरी स्थित पश्चिम तर्फ पसल कवल भत्काई रेलिङ्ग बार चिकः अपा तेलिया ईटा छापी बिश्राम स्थल निर्माण योजgf | ३११५९ | २०,००,००० | |
| २. | बाघ भैरब मन्दिर पछाडी हिल टाउन स्कुल छेउ भवन निर्माण | ३११५९ | ४०,००,००० | |
| ३. | सागलटोलको ओराली देखि सल्यानस्थान चोक हुँदै चन्द्रागिरी न.पा. को सिमाना सम्म सडक निर्माण समपुरक प्रदेश | ३११५९ | ५० लाख राजस्व बाँडफाड ७५ आन्रिक | |
| ४. | घर खरिद | ३११५९ | ८० लाख राजस्व बाँडफाड प्रदेश | २४ लाख २० हजार औषधी खरिदमा रकमान्तर गरिएको |

३.८ **योजना छनौट र कार्यान्वयन**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०८०।८१को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन।पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छ ।

| | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाख देखि ५ लाखसम्मका | रु ५ लाख देखि १० लाखसम्मका | रु १०-५० लाख सम्म | ५० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडा स्तरिय | - | ११ | ३४ | ७२ | ३९ | - | १५६ |
| नपास्तरिय | - | ३ | ३९ | ३७ | ११९ | ५ | २०३ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १० लाख भन्दा माथिका जम्मा १२४ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ४२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर देखिन्छ

## ४ PAMS को प्रयोग नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।यो प्रणाली लागु भएको ४ वर्ष व्यतित भैसक्दा पनि कार्यालयले प्रणाली लागु नगर्ने उचित नदेखिएकोले सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

## ५ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकामा पेश

भएको जिन्सी निरिक्षण प्रतिवेदनमा ६१ वटा सामानहरु जस्तै ६ वटा कुर्सी,३ वटा कम्प्युटर र्याक,२० थान मोवाईल,टि टेवुल ५ थान लगायतका सामानहरु लिलाम गर्नुपर्ने भनि उल्लेख भएकोमा नियमावलीको व्यवस्था अनुसार उक्त प्रतिवेदनको कार्यान्वियन भएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।

६ **सम्पत्ति हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ।यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन।यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ।

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

- स्थानिय सेवा ( गठन तथा संचालन) सेवा ऐन, २०७९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,
- म.ले.प फारामहरुः कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ८ गत वर्षको दायित्व

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ।त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले ऐन, नियममा भएको व्यवस्था बमोजिम गतवर्षको भुक्तानी दिन बाँकीको विवरण (म.ले.प.फा.नं.२२१) प्रमाणित गरी यो वर्ष विभिन्न आपूर्तिकर्ता तथा कर्मचारीलाई जम्मा रु. ६,२४,१८,२८३.१९भुक्तानी दिएको देखियो।पालिकाले यस्तो कार्यमा नियन्त्रण गरी ऐन, नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।आ.व.२०७९।८० मा भूक्तानी दिन बाँकिको विवरण प्रमाणित गरि आ.व.२०८०।८१ मा भूक्तानी दिएको विवरण निम्नानुसार रहेको छ ।

| २०८०/०८१ को भुक्तानी बाँकी | | |
|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | खर्च |
| ८०३३५४०२११०गत आ.व २०८०/०८१ को भुक्तानी बाँकी क्रमागत योजनाहरु | | |
| १ | तलब तथापारिश्रमिक | २४,३२५.०० |
| २ | विद्युतप्राधिकरण | ३७,४७९.४९ |
| ३ | एम्बुलेन्सकोतेल खर्च वडा न ६ | ४७,२५०.०० |
| ४ | मोटर साइकलमर्मत खर्च | ४,२५०.०० |
| ५ | मसलन्द तथाअन्य कार्यालय सामाग्री खरिद | ४,९४७.०० |
| ६ | कार्यसंचालन तथा मसलन्द खर्च | २५,२००.०० |
| ७ | पत्रिका, छपाई | ५,०००.०० |
| ८ | टेलिफोनजडान इन्टरकम | २,५६,३९७.०० |
| ९ | फिटनेशसामाग्री खरिद | ९,९३,२१९.०० |
| १० | SSL लाईसेन्स नविकरण | ५९,९००.०० |
| ११ | प्रोत्साहनकार्यक्रम | ४५,०००.०० |
| १३ | मेयरखेलकुद प्रतियोगिता | ४,४३,०००.०० |
| १४ | नगर सभा कार्यक्रम | १२,५००.०० |
| १६ | फोटोकपितथा बाइन्डिङ् सर्भिस | १६,६९०.०० |
| १७ | मेलमिलापकेन्द्र स्थापना वडा | १,९९,९८२.०० |
| १८ | ल्याबसंचालन मेशिनरी औजार तथा उपकरणखरिद | १८,३९,९७९.०० |
| १९ | अन्तरपालिकामेयर कप | ६,९५,०००.०० |
| २० | कृषि तथापशु प्रवद्धन कार्यक्रम | ३,३२,१९३.०० |
| २१ | बाल विकाससमाज साझेदारी कार्यक्रम | २०,४००.०० |
| २२ | ईन्टरनेटसेवा | ७,४५,८००.०० |
| २३ | वडा न ६बाट प्राप्त विलहरुको एकमुष्ट भुत्तानी | २,०७,६००.०० |
| २४ | दाफाप्रोत्साहन कार्यक्रम | ९,००,०००.०० |
| २६ | जेष्ठनागरिक भ्रमण ७ | १,३८,९७८.०० |
| २७ | विविधछुटपुट खर्च | १४,७४,३४०.५९ |
| २८ | घर घरमास्थानीय सरकार कार्यक्रम वडा न १ | ९,०००.०० |
| ३१ | विभिन्नभेला कार्यक्रम | ७५,७७५.०० |
| ३२ | राष्ट्रपतिरनिङ्ग शिल्ड | ७,९१,५८२.०० |
| ३४ | फोहरमैलाकार्यक्रम | २७,९०५.०० |
| | | |

| | | |
|---|---|---|
| ३५ | अनुगमनबैठक भत्ता | ५,३१,०००.०० |
| ३६ | कभर्ड हलमर्मत | ९८,२८४.०० |
| ३७ | औषधीखरिदखर्च | १२,०१,२३०.०० |
| ३८ | ईन्द्रायणीमन्दिर परिसर भित्र तथा सामुदायिक विकास मन्च भवन निर्माण | १,२१,७००.०० |
| ३९ | दुईपाङरेसवारी साधन खरिद | ३,९७,४००.०० |
| ४० | हनुमानघाटदेखि ढ्याक्सी टोलसम्म सडक स्तरोन्नती | ३८,०३,१२८.०० |
| ४१ | चिठु बाटोगणेशमान पोखरी देखि एवान पाटी प्यालेस हुँदै ज्ञानेन्द्र महर्जनको घरसम्मढलान | ४,९३,०४९.०० |
| ४२ | पालाकरिडोर बाटो तथा वाल निर्माण | ६,४५,२००.०० |
| ४३ | ज्वालादेविमा बाटो ढलान तथा निर्माण | ९,६०,१००.०० |
| ४४ | यँचोजनसेवा दहन भाजंगल सडक सुधारक्रमागत | १,०३,९३,३३४.०० |
| ४५ | हनुमानघाटसुन्दर बजार सडक सुधार | ९,६४,६३८.६१ |
| ४६ | मन्दफल्चाअ ोरालोको बाटो स्तरोन्नती | १२,९४,०००.०० |
| ४८ | बाघभैरबमन्दिर पछाडी र हिलटाउन स्कुलमाथिको बाटो निर्माण | १८,९६,०००.०० |
| ४९ | सल्यानथानकालिबक्स देखि गाम्चा जाने बाटो स्तरोन्नती | ६,६५,०००.०० |
| ५० | त्याँल सडकवडा न १ २ र १० | ४३,६८,१८२.५० |
| ५१ | देसेबालकुमारी मन्दिर पुन निर्माण | ७,२२,८८९.०० |
| ५३ | नौमुले गुठचोभार खानेपानी | ९,९३,८००.०० |
| ५४ | जसिंहअगाडीको मुहान ब्यवस्थापन | १,६१,८९१.०० |
| ५५ | सडक मर्मतसम्भार | १,७८,५४७.०० |
| ५६ | भाजंगलस्थित देवलमा फिटनेस पार्क निर्माणको लागी पुर्वाधार निर्माण | ८,११,०००.०० |
| ५७ | सार्वजनिकशौचालय निर्माण | ३१,१७,८८९.०० |
| ५८ | कुट्टझोलफल्चा निर्माण | १४,२९,८००.०० |
| ५९ | मन्जुश्रीपार्क निर्माण | २२,९०,५००.०० |
| ६० | हाथुभैरवकोमुकुट सहित मन्दिर निर्माण | ८,४६,४८२.०० |
| ६१ | सडकहरुमाट्राफिक संकेतहरुको ब्वस्थापन | १,००,५००.०० |
| ६२ | रानिवनट्रस निर्माण | २,३४,२७०.०० |
| ६३ | आगलागिप्रकोप नियन्त्रणको लागी टयाङ्की निर्माण | ८,७४,६८१.०० |
| ६४ | शिवालयमन्दिरमुनीको पर्खाल तथा शौचालय निर्माण | ४,५७,६००.०० |
| ६५ | आदिनाथसहरी स्वास्थ्य केन्द्रमा ट्रस्ट निर्माण | ७,६४,२५७.०० |
| ६६ | जिफागलमाव्याटमिन्टन कोर्ट निर्माण | ४,९०,६२२.०० |
| ६७ | सि सि टीभी तथा सडक बत्ती जडान | ४,९८,१८३.०० |
| | | |

| | | |
|---|---|---|
| ६८ | न पाभित्रका कच्ची सडक ग्राभेलिङ्ग गरी मर्मत गर्ने | २८,६१,२६५.०० |
| ६९ | टौदहक्रिया पुत्री भवन निर्माण | ९,७६,५७४.०० |
| ७० | ढोकिसीदेखिलाछी र सालिकसम्म गमला ब्यवस्थापन | ३,००,०००.०० |
| ७१ | पालाकरिडोरबाट विष्णुदेवि मन्दिर जाने बाटो स्तरोन्नती | ६,०४,०००.०० |
| ७२ | कार्कीगाउँ जाने बाटो साइड ड्रेन निर्माण | ३७,०००.०० |
| ७३ | देवढोकाप्रेम महर्जनको घर सगै सिढी निर्माण र ढद निकास | २,००,०००.०० |
| ७४ | चम्पादेविस्वास्थ्य चौकी भवन स्तरोन्नती | ४,०७,५००.०० |
| ७५ | चोभारग्वानी फल्चा निर्माण | ९,७०,५००.०० |
| ७६ | लोकतान्त्रिकचोकमा सडक फराकिलो गर्ने कार्यक्रम | ४,२७,८३०.०० |
| ७७ | सडक बत्तीमर्मत सुधार तथा नया जडान | ३,४८,६००.०० |
| ७८ | आदर्श नगरपन्चायन सामुदायिक भवन निर्माण | १४,५६,९००.०० |
| ८० | तुलसी देवलपरिसरमा ढुङ्गा छपाइ | १,६६,३००.०० |
| ८१ | थापागाउँमाभुक्षे नियन्त्रण | २,९८,८३०.०० |
| ८२ | वडाकार्यालय अगाडिको पोखरी सौन्दर्यकरण | ६,१२,९००.०० |
| ८३ | आपतकालिनविपत योजना तथा कार्यक्रम वडा न ३ | ४,१९,५२९.०० |
| ८४ | अस्पतालजन्यफोहरमैला व्यवस्थापन टाल्चामा फोहरमैला ब्यवस्थापनका लागि तार वार लगाउने र भवनमर्मत तथा रङ रोगन गर्ने | ३,६२,८२२.०० |
| ८५ | हिलसाइडकोबाटोमा रेलिङ्ग तथा सडक बत्ती जडान | ७,२८,८८४.०० |
| कुल जम्मा | | ६,२४,१८,२८३.१९ |

## ९ कच्चावारी बेगरको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ।त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले ऐन, नियममा भएको व्यवस्था बमोजिम गतवर्षको भुक्तानी दिन बाँकीको विवरण (म.ले.प.फा.नं.२२१) प्रमाणित नगरी यो वर्ष निम्नानुसारको रकम भूक्तानी गरेकोले कानूनमा भएको व्यवस्था पालना नभएको अनियमित देखिएको रू.

| क्र.सं. | कारोवारको व्यहोरा | भूक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| १. | भिपोखरीमा परम्परागत पौडी प्रतियोगिता | खासी बजार क्लव | १५२१३० |
| | | अनियमित भएको | १,५२,१३० |

## १० तलबी प्रतिवेदन

स्थानीय सेवा ( गठन तथा संचालन ) सेवा ऐन, २०७९ अनुसार तलवी प्रतिवेदन पारित गराएर मात्र तलव खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराइ संङ्घिय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ ८० कर्मचारीहरु तथा

पालिकाका ८७ कर्मचारीहरुको रु २४,७९,४३,८०१।-खर्च लेखेको छ।तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलव भत्ता ग्रेड दरवन्दी वेगर कर्मचारीको तलव भुक्तानी हुनसक्ने जोखिम रहने हुदा तलवी प्रतिवेदन पारित गराएर तलव भत्ता भुक्तानी गर्नुपर्दछ।

११ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ८५ वटा सहकारी संस्था रहेका छन् । सहकरी मध्ये ८३ वटाले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गरेको छ भने २५ वटाले मासिक विवरण अनलाईन मार्फत पेश गरेका छन्।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे यकिन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

१२ **मालसामानको स्पेशिफिकेशन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन तथा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था।स्वीकृत स्पेसिफिकेशनको अधिनमा रही सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गरी नियम १४ बमोजिम सो लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ।पालिकाले खरिद गरेका मसलन्द तथा कार्यालय संचालन सम्वन्धी मालसामानमा स्पेशिफिकेशन नखुलाएर खरिद आदेश तथा दाखिला भएको देखियो।तसर्थ कार्यालयले यस्तो कार्यमा सुधार गरी आर्थिक अनुशासनको पालना गर्नुपर्दछ ।

१३ **कार्यक्रम अभिलेख खाता**

सार्वजनिक गोष्ठी, सार्वजनिक रुपमा दिइने आय आर्जन, सीप विकास, सशक्तिकरण, चेतना जागरण जस्ता तालिम सञ्चालन, चेतनामूलक सूचना/विज्ञापन/रेडीयो कार्यक्रम जस्ता कार्यमा खर्च शिर्षक नं २२५२२ कार्यक्रम सम्बन्धी खर्च शीर्षकवाट यस वर्ष रु८,८१,४४,४४०-खर्च भएको देखिन्छ।यस्ता कृयाकलापमा खर्च गर्दा भएको खर्च र उपलव्धी देखिने गरी कार्यक्रम अभिलेख खाता राख्ने गरेको छैन।कार्यक्रम अभिलेख खाता नराखेकोकारण खर्च रकमबाट प्राप्त उपलव्धी मापन गर्न सकिने आधार भएन।त्यसैले यस्ता कार्यक्रम सञ्चालन गरी खर्च गर्दा खर्च र उपलव्धी स्पष्ट देखिनेगरी अभिलेख राख्नुपर्दछ ।

१४ **धरौटी तथा कोष व्यवस्थापन**

१४.१ **धरौटी भुक्तानी** -सार्बजनिक खरिद नियमावली ,२०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ ।यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पेश नगरी धरौटी फिर्ता दिएको देखिन्छ । यसरी फिर्ता दिएको रकमको मु. अ. कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू

| भौचर न. र मिति | भुक्तानीको विवरण | भुक्तानी रकम रु | कैफियत |
|---|---|---|---|
| ६०।२०८१।२।२ | एल एन एम निर्माण सेवा | १०२९०५८ | मु अ कर समायोजन प्रमाण पेश नभएको । |

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **२,२२५,९९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,२९,०५८ |

१४.२ **नाम नामेशी नखुलेको धरौटी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ को (घ) मा कसले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंक खातामा रहेको रकम नियम ७१ को(ख) को प्रकृया पुरा गरी राजस्व खातामा आम्दानी बाध्नुपर्ने ब्यवस्था छ।नगरपालिका कार्यालयको बैक खातामा रू २९,९५,७५७।०८ नाम नामेशी बेगरको धरौटी बाँकी देखिन्छ।अतः नगरपालिका कार्यालयले नियमावलीको प्रकृया पुरा गरी राजस्व खातामा सदर स्याहा गर्नुपर्दछ।

१४.३ **कर्मचारी कल्याण कोषः** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकामा गत वर्षसम्म जम्मा रू ६२५२०२१६।६४ कल्याणकारी कोषमा रहेकोमा यस वर्ष संचित कोषबाट कर्मचारी कल्याण कोषमा रु.९० लाख ट्रान्सफर गरेको छ । तर पालिकाले १० प्रतिशतका दरले रकमकट्टी नगर्नुको साथै उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कोष संचालन कार्यविधि तयार नगरी एकमुष्ट रुपमा रकम निकासा गरेको देखिन्छ । नगरपालिका अन्तर्गतका कर्मचारीको स्थानीय सरकार सञ्चालन ऐन लागु हुनु पुर्वको दायित्व यकिन गरि रकम निकासा गर्ने तथा सो अवधि पछिको लागि कर्मचारीको मासिक तलबबाट कट्टी गरि सोही अनुसार थप गरि कोष सञ्चालन गर्नुपर्दछ ।

१५ **ठेक्का अभिलेख** -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नु पर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१६ **राजश्व तर्फ**

१६.१ **आयको अनुमान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रु. १८ करोड ५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. १७ करोड ४० लाख २९ हजार अर्थात अनुमानको ९४.०६ प्रतिशत राजश्व संकलन भएको छ।पालिकाले आन्तरिक स्रोतको दायरा फराकिलो पारी संकलीत राजश्वबाट पुँजि निर्माण तथा उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्दछ ।

१६.२ **मनोरञ्जन कर** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ।आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा रू.१५८८४०८.८० संकलन गरेको छ । यस पालिकाको क्षेत्र भित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ ।

१६.३ **आन्तरिक आय र अनुदान खर्च** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय तथा प्रदेश सरकारको अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय तथा प्रदेश अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५०३२३०३२२ | १७४०२९३४१ | ३४.५८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३४.५८प्रतिशत मात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६.४ **सम्पत्ति कर** – नगरपालिकाको आर्थिक ऐन,२०८० को दफा २ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना घर मा नगरपालिकाको कर र गैर कर राजश्व सम्वन्धी ऐन,२०८० बमोजिम सम्पत्ति कर लगाउने र असुल उपर गर्ने व्यवस्था रहेको छ।साथै सम्पत्ति करको दर अनुसुचि-१ मा उल्लेख भए बमोजिम हुने व्यवस्था रहेको छ । पालिकाले सम्पत्ति करको तथ्याङ्क अध्यावधिक गरी राखेको छैन।यस वर्ष पालिकाले सम्पत्ति कर वापत रू.५०८६२१०९.०९ संकलन गरेको छ । बाँकि कर रकम पालिकाले यकिन गरी असुल गर्नुपर्दछ।

१६.५ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ मा पालिकाभित्रको फोहरमैलाको प्रवन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ।स्थानीय तहले फोहर व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था छ।तर पालिकाले हाल सम्म निर्देशिका एवं मापदण्ड लागु गरेको देखिदैन।यसै ऐनको दफा २४ मा स्थानीय तहले फोहरमैला शुल्कमा एकरुपता ल्याउनको लागी शुल्क निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ।यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

(क) पालिकाभित्र उत्सजर्न हुने फोहरमैला व्यवस्थापन गर्न २५,२७५ घरधुरीको लागि मिति २०८०।०६।०४ मा विभिन्न चार वटा संस्थासँग सम्झौता भएको देखिन्छ । चार वटा संस्था सँग भएको सम्झौता अनुसार सम्झौताको अनुसूची- १ मा मासिक सेवा शुल्क विवरण उल्लेख छ।जसमा सेवाग्राहिलाई २७ वटा समूहमा विभाजन गरी अधिकतम् रु २५०००।– देखि न्यूनतम् रू.१५० मासिक शुल्क दर निर्धारण गरेको छ।सम्झौता पत्रको शर्त नं.१६.२ मा फोहरमैला संकलन गर्ने संस्थाले हरेक महिना संकलन भएको सेवाशुल्क एक छुट्टै आफ्नो खातामा जम्मा गर्नुपर्ने,उक्त रकम फोहरमैलाको सफ्टवयरसँग मिल्नुपर्ने,साथै सेवा शुल्कको २ प्रतिशत रकम नगरपालिकाको आन्तरिक खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तरगत चार वटा संस्थाले फोहरमैला संकलन वापत यस आर्थिक वर्षमा जम्मा रकम रू. २ करोड ६९ लाख ९६ हजार संकलन भएको छ भने संकलित रकमको भ्याट रू.२९ लाख ३६ हजार ८ सय ७५ संघीय सरकारलाई वुझाउन वाँकि देखिन्छ।पालिकाले गरेको सम्झौतामा संकलित राजश्वको २ प्रतिशत रु ४८६७१२।– पालिकाको खातामा जम्मा भएको देखिन्छ ।

(ख) मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ५ (२) मा प्रत्येक कारोबारको कर लाग्ने मूल्यमा मूल्य अभिवृद्धी कर लाग्ने व्यवस्था रहेको छ । साथै सोहि ऐनको दफा ५ को (३) मा अनुसूची - १ मा भएका वस्तु तथा सेवाको कारोवारमा कर नलाग्ने तथा कर छुटको व्यवस्था रहेको छ । फोहरमैलामा मूल्य अभिवृद्धी कर छुट हुने देखिदैन । साथै आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा मूल्य अभिवृद्धि कर वापतको राजश्व संघको अधिकारको क्षेत्र रहेको र राजश्व शिर्षक नं. ३३३१७ मा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले दिएको विवरण अनुसार उक्त संस्थाले निम्नानुसारको फोहरमैला शुल्क संकलन गरेको छ। पालिकाको क्षेत्रभित्र फोहरमैलामैला वापत संकलन गरेको कुल राजश्व रु. २६९९६७५०।– को १३ प्रतिशत मू.अ.क. रू.३५०९२७७।– मध्ये रू. ५७२४०२।– मात्र संघीय सरकारको राजश्व खातामा जम्मा भएको देखिन्छ भने बाँकि मू.अ.क. रू २९३६८७५।– देखिन्छ । उक्त संस्थाले पालिकाको नामबाट मूल्य अभिवृद्धि कर दाखिलाको विवरण तथा पालिकालाई सेवा शुल्क वापत नगरपालिकालाई रकम भूक्तानी गरेको विवरण निम्नानुसार रहेको छ । मूल्य अभिवृद्धि कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| क्र.सं. | संस्थाको नाम | संकलित शुल्क | नगरपालिकालाई भुक्तानी गरेको सेवा शुल्क | मूल्य अभिवृद्धि कर | मू.अ.क कर बुझाएको रकम | मू.अ.क. बुझाउन बाँकि रकम |
|---|---|---|---|---|---|---|
| १. | स्वच्छ वातावरण संरक्षण समिति | ११८९७८५०।- | २३७९५७।- | १५४६४२०।- | ५७२४०२।- | ९७४०१८।- |
| २. | नेपाल स्वच्छ वातावरण सृजना केन्द्र | ८९३९९१५ | १२७०६२ | ११६२१८८ | ० | ११६२१८८ |
| ३. | क्लिन नेपाल | २०७२८०० | ४१४५६ | २६९४६४ | ० | २६९४६४ |
| ४. | किर्तिपुर फोहरमैला व्यवस्थापन प्रा.लि. | ४०८६१८५।- | ८०२३७।- | ५३१२०५।- | ० | ५३१२०५।- |
| | | २६९९६७५०।- | ४८६७१२।- | ३५०९२७७।- | ५७२४०२।- | २९३६८७५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,३६,८७५ |

१६.६ **वडागत राजश्व संकलन तथा असुली** – पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका तथा वडा अनुसारको राजश्व संकलनको विवरण निम्नानुसार रहको छ ।पालिकाले यस आर्थिक बर्षमा रू.१७ करोड ४० लाख २९ हजार संकलन गरेको छ ।पालिकाले प्राप्त राजश्व र प्राप्त हुनुपर्ने राजश्व परीक्षण भिडान गर्ने पद्धती नभएकोले संकलन भएको सबै राजश्व बैंकमा दाखिला भयो वा भएन एकिन हुन सकेको छैन ।

| आ.व. : २०८०/८१ प्रकार : आन्तरिक राजस्व खाता अवधी : २०८०/०४/०१-२०८१/०३/३१ | | | |
|---|---|---|---|
| क्र.सं. | संकेत | राजस्व संकलनगर्ने कार्यालय | जम्मा |
| १. | ८०३३५४०२३०० | कीर्तिपुरनगरपालिका, काठमाडौँ | १७,३०,७०,३८२.४२ |
| २. | ८०३३५४०२३०१ | कीर्तिपुरनगरपालिका,१ नं. वडा कार्यालय, काठमाडौँ | ६,३१,०१६.४० |
| ३. | ८०३३५४०२३०२ | कीर्तिपुरनगरपालिका,२ नं. वडा कार्यालय, काठमाडौँ | १९,३४,४३४.४० |
| ४. | ८०३३५४०२३०३ | कीर्तिपुरनगरपालिका,३ नं. वडा कार्यालय, काठमाडौँ | ८,३६,६३६.६५ |
| ५. | ८०३३५४०२३०४ | कीर्तिपुरनगरपालिका,४ नं. वडा कार्यालय, काठमाडौँ | १२,१७,६५८.०० |
| ६. | ८०३३५४०२३०५ | कीर्तिपुरनगरपालिका,५ नं. वडा कार्यालय, काठमाडौँ | १३,४९,२०४.०० |
| ७. | ८०३३५४०२३०६ | कीर्तिपुरनगरपालिका,६ नं. वडा कार्यालय, काठमाडौँ | १३,२५,८८२.०० |
| ८. | ८०३३५४०२३०७ | कीर्तिपुरनगरपालिका,७ नं. वडा कार्यालय, काठमाडौँ | २,६८,६५०.०२ |
| ९. | ८०३३५४०२३०८ | कीर्तिपुरनगरपालिका,८ नं. वडा कार्यालय, काठमाडौँ | ३,७०,५१९.६४ |
| १०. | ८०३३५४०२३०९ | कीर्तिपुरनगरपालिका,९ नं. वडा कार्यालय, काठमाडौँ | ७,७०,८००.९७ |
| ११. | ८०३३५४०२३१० | कीर्तिपुरनगरपालिका,१० नं. वडा कार्यालय, काठमाडौँ | ७,७१,५४१.८९ |

१६.७ **राजश्वको दायरा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले यस अन्तरगत रहेका ऐतिहासिक मठमन्दिर,पाटिपौवाको संरक्षण गर्दै आएकोमा उक्त ठाउँबाट संकलन भएको राजश्व पालिकाको आन्तरिक राजश्व खातामा जम्मा भएको छैन।पालिका अन्तरगत पर्ने लायकु क्षेत्र,बाघभैरव मन्दिर तथा वेदपोखरी क्षेत्र,उमामहेश्वर मन्दिर,ईन्द्रयणी मन्दिर,चिलंचो मन्दिर,ल्वहदेग

मन्दिर,चिठु विहार,आदिनाथ मन्दिर,जलविनायक मन्दिर,बालकुमारी मन्दिर,विष्णुदेवी मन्दिर,टौदह,शिवालय,मञ्जुश्री पार्क लगायतका पर्यटकिय क्षेत्रबाट प्रवेश शुल्क,पार्किङ्ग लगायतका आम्दानी पालिकाले संकलन गर्नुपर्नेमा सो नगरेकोले राजश्व पालिकाले नै संकलन गर्नुपर्दछ।

१६.८ **म.ले.प. फाराम प्रयोग नगरेको** - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ।पालिकाले यो बर्ष रू. ४२२३०६०००।-आम्दानी गरेको छ भने राजश्व लेखामा राख्नुपर्ने राजश्व फारामहरु नगद प्राप्ती रसिद म.ले.प फाराम नं. १०१, दैनिक राजश्व ÷ आम्दानी खाता म.ले.प फाराम नं. १०२राजश्व, आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४,राजश्व आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५, राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६, राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं., १०७ राजश्व आम्दानीको बैंक नगदी किताब म.ले.प. फा.नं. १०८ नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्ने देखिन्छ।साथै प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्वको भिडान गर्ने र दाखिलाको नियन्त्रण प्रणाली नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्वन्धमा एकिन हुन सकिएन ।

१६.९ **शिर्षकगत कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ।यस पालिकाले निम्नानुसारका १४ वटा शिर्षकबाट रू.१७४०२९३४१।- संकलन गरेको छ ।ती आय शीर्षकमा असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।वडाबाट संकलन भएको राजश्व तोकीएको समय मै दाखिला हुनुपर्दछ।वडाबाट संकलन भएको राजश्व समय मै दाखिला भयो वा भएन लेखापरीक्षणको क्रममा विवरण पेश भएको छैन ।पालिकाले संकलित राजश्व तोकिएको समय मै दाखिला गर्नुपर्दछ । राजश्व संकलन कार्यलाई प्रभावकारी वनाई धरै राजश्व संकलन गर्नुपर्दछ।

| सि.नं | शिर्षक नम्बर | आय शिर्षक | अनुमानित राजश्व | संकलित राजश्व |
|---|---|---|---|---|
| १. | ११३१३ | सम्पत्ति कर | ४६००००००।- | ५०८६२१०९.०९ |
| २. | ११३१४ | भुमिकर/मालपोत | १००००००।- | १२८०५२८.५२ |
| ३. | ११३१७ | घर/जग्गा बहाल कर | २६००००००।- | ३१४२४८०१.५९ |
| ४. | ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | १००००००।- | २७२७३४.८० |
| ५. | ११४७३ | अन्य मनोरञ्जन कर | ३००००००।- | १५८८४०८.८० |
| ६. | ११६११ | व्यवसायले भूक्तानी गर्ने | २२८०००००।- | ८२९६०९४ |
| ७. | ११६९१ | अन्य कर | १५००००० | २८७४९९ |
| ८. | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | १३६० |
| ९. | १४२४२ | नक्सापास दस्तुर | ३६००००००।- | ३५७८९२३ |
| १०. | १४२४३ | सिफारिश दस्तुर | ४०७०००००।- | २४०३२९२९ |
| ११. | १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ४६५०३० |
| १२. | १४२४९ | अन्य दस्तुर | ० | ६६०७३८८.३० |
| १३ | १४२५३ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | २२८०००००।- | ७८८००० |
| १४ | १४३१२ | प्रशासनिक दण्ड,जरिवाना र जफत | २००००००।- | १५५४३५३५ |
| जम्मा | | | १८५००००००।- | १७४०२९३४१ |

१६.१० **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको व्यवस्थित अभिलेख अध्यावधिक गरेको छैन। पालिकामा व्यवसाय गरेर बस्ने व्यवसायीको वास्तविक विवरण पालिका सँग रहेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर वापतकोरु ४६५००२७।- शुल्क यथार्थ मान्न सक्ने अवस्था छैन।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।साथै पालिकाले दिएको विवरण अनुसार पालिकाको आर्थिक ऐन, २०८० अनुसार पालिका भित्र संचालन हुने विभिन्न व्यवसायको निम्नानुसारको व्यवसाय नविकरण नगरेकोले पालिकाले देहायका कम्पनी/फर्महरुबाट आर्थिक ऐनले तोके बमोजिमको व्यवसाय कर असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| क्र.स. | व्यवसायको नाम | व्यवसायीको नाम | रकम रू. |
|---|---|---|---|
| 1. | बुद्धरत्न मानन्धर | नन्धर होटल | ६००० |
| 2. | समिर श्रेष्ठ | इन्द्रायणी माई निर्माण सेवा | ३५००० |
| 3. | राममणी ढुवाडी | रे भेन्यू स्टडी कन्सल्टन्सी सभिसेस | १७५०० |
| 4. | पेम शिला कुमारी यादब | सञ्जिवनी भण्डार | १८४०० |
| 5. | विपिन गैरे | इनोभेटिभ इन्जिजिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि | ७२००० |
| 6. | दल बहादुर मगर | न्यू रामेछाप खाजा घर | ३०६०० |
| 7. | हिलटाउन मा.वि | हिलटाउन मा.वि | ३०००० |
| 8. | बसन्त गिरी | थ्रि ए कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २५००० |
| 9. | जीत नारायण श्रेष्ठ | लायकु बद्यै पसल | ६००० |
| 10. | अन्ज महर्जन | अन्ज इन्जिनियरिँङ कन्सल्टेन्सी | १०००० |
| 11. | शिवराम पण्डित कुम्हाल | शिवराम रिङ उद्योग | ७५०० |
| 12. | अनुमेष महर्जन | मनका बासु धुकु | १५०० |
| 13. | सुजन पोख्रल | स्टार कम्पनी प्रा.लि | ३०००० |
| 14. | पष्पलाल श्रेष्ठ समेत | नेचरल हिलिङ प्रा.लि | २०४०० |
| 15. | राजेश्वर महर्जन | आजु भैरब फर्मा | ७५०० |
| 16. | सुख सागर महर्जन | सागर स्टोर | ५००० |
| 17. | किरण महर्जन | ड्राइभ इन मोटर साइकल बर्कसप | ७५०० |
| 18. | जीत नारायण श्रेष्ठ | लायकु स्टोर | ५००० |
| 19. | अनिल श्रेष्ठ | श्रेष्ठ इलेक्ट्रो मेकानिकल बर्कसप | ४३००० |
| 20. | रविना श्रेष्ठ | रविना कलेक्सन | २३००० |
| 21. | पुष्प शाह | एलिशा शाह फर्निचर | २९३२० |
| 22. | सर्मिला कार्की रिमाल | कार्की ग्रिल उद्योग | ४००० |
| 23. | सम्रीक ढुंगाना | श्रमिक इन्जिनियरिङ सेवा | ६१०० |
| 24. | राज्य लक्ष्मी बैदार | सौगात मन्टेश्वरी प्रि स्कूल | ६२५०० |
| 25. | निर्मला थापा क्षेत्री | तनहु खाजा घर | २९०८० |
| 26. | निर्मला थापा क्षेत्री | तनहु मदिरा स्टोर | २९०८० |
| 27. | उत्तम बहादुर पाण्डे | न्यू पाण्डे स्टोर | ७००० |
| 28. | सरस्वती लोचन तामाङ | सरोज होजियारी | १९८०० |
| 29. | राज्य लक्ष्मी बैदार | एग्रेड एकेडेमी | ४७७०० |
| 30. | आशिष बर्मा कटेल | पिस विल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि | २५५०० |
| | | | |

| | | | |
|---|---|---|---|
| 31. | प्रमिला खडका | सेजना गाई फार्म | ८७०० |
| 32. | निल्यनाथ श्रेष्ठ समेत | सिग्मा रेफिजरेशन | २८००० |
| 33. | धनन्जय खरेज | खरेल किचेन एण्ड गिफ्ट शप | २७६०० |
| 34. | राम बहादुर सुनार | मनोज ज्वेलर्स | ३२२०० |
| 35. | मनायक कार्की | मार्गो नेपाल प्रा.लि | १७५००० |
| 36. | सवति महर्जन | सेवा क्याफ्टेरिया | ७५०० |
| 37. | ओम प्रकास गिरी | निश्चल किराना पसल | १८४०० |
| 38. | सुनिल शाही | मैत्रीनगर फ्रेस हाउस | २५५०० |
| 39. | नैमुदीय मिया | रेहान फाइबर स्टोर | २१००० |
| 40. | अरुण कुमार खण्डेलाल | मारुती ट्रेडिङ प्रा.लि | ४३००० |
| 41. | मेनुका महर्जन | एस एम रिसर्च ट्रेनिङ सेन्टर | २७६०० |
| 42. | निर्मला भुजेल | नौलो नटस क्राफ्ट | ३०५०० |
| 43. | लक्ष्मी भक्त महर्जन | लक्ष्मी टि एण्ड कफी सप | १००० |
| 44. | श्रद्धा मानन्धर | कीर्ति लक्ष्मी ट्रेडिङ | ५००० |
| 45. | प्रमोद श्रेष्ठ | एस.पि वर्कशप | २२५०० |
| 46. | कविता अर्याल | कविता स्टोर | ४००० |
| 47. | कविता अर्याल | कविता ग्यास सप्लायर्स | ४००० |
| 48. | राम चन्द्र पौडेल | नमोबुद्ध होस्टेल | ११६००० |
| 49. | सुवास विश्वकर्मा | इडिक्टम कानुनी सेवा | १२५०० |
| 50. | शरण कुमार महर्जन | रेयान मेडिकल हल | १०३५०० |
| 51. | ज्ञानेन्द्र महर्जन | नितिनाथ खाजा घर | ७५०० |
| 52. | पूर्ण माया मगर | पूर्णमाया गाई फर्म | ११६०० |
| 53. | दिपेन्द्र शाह | दिपेन्द्र स्टोर | १३८०० |
| 54. | रमेश कुमार थापा मगर | रमेश किराना पसल | ३५००० |
| 55. | विपिन्न महर्जन | क्याफे दि मण्डला | १९८०० |
| 56. | मिनु नापित | मिनु स्टोर | ४००० |
| 57. | लक्ष्मी महर्जन | राहुल किचेन स्टोर | २००० |
| 58. | शान्त बहादुर खडगी | न्यू बाघ भैरब किचेन हाउस | ७५०० |
| 59. | राजकुमार महर्जन | आर.के स्टार | ३००० |
| 60. | गोपाल बहादुर श्रेष्ठ | गगन स्टोर | ९२०० |
| 61. | सुमन बस्नेत | बस्नेत हाडवयेर | १०५०० |
| 62. | | | |

| | | | |
|---|---|---|---|
| | दिपेन्द्र ढुगेल | मनकामना किराना | ५००० |
| 63. | इशवरी बलामी | इशवरी किराना पसल | ३३०४० |
| 64. | श्याम बहादुर तामाङ | एस. टि फार्म | ३५०० |
| 65. | विजय तामाङ | खरिवोट खाजा पसल | ९००० |
| 66. | सुरेन बुढामगर | सुरेन च्याउ उद्योग | २४६०० |
| 67. | राधाकष्ण बस्नेत | वि.एण्ड.वि सेल्स कपेरिसन | २००० |
| 68. | सुमित्रा बुढाथोकी | सुभम सप्लायर्स | ६००० |
| 69. | झरणा रावल | डि.नोभो फेशन अनलाइन सभिर्स | ७५०० |
| 70. | सुकमाया नेपाली | दिदिको खाद्य पसल | ३००० |
| 71. | अनिस पाण्डे | पिरामिड इन्जिनियरिङ कन्सल्टेन्सी | २४४०० |
| 72. | रामहरि रिजाल समेत | ग्रीन भिलेज एकेडेमी प्रा.लि | ५१७८० |
| 73. | लाक्पा तामाङ | उत्कर्ष मदिरा स्टोर | १५०० |
| 74. | कृष्ण कुमार थापा | कृष्ण तरकारी पसल | ६००० |
| 75. | विजय तामाङ | बाघ भैरब कृषि फार्म | ३००० |
| 76. | राधेश्याम श्रेष्ठ | श्याम प्लाई हार्डवयेर | २५५०० |
| 77. | विनिता धिताल | विनिता स्टोर | १५६०० |
| 78. | राम बहादुर थापा क्षेत्री | थापा मौरी पालन | २००० |
| 79. | अन्जु शर्मा पौडेल | शद्ध डजेरी फर्म | ३२५०० |
| 80. | शिद्ध राजपन्त | निडस फुड प्रा.लि. | ३५००० |
| 81. | पूर्णमान सिंह | नेपाः हेण्डीक्रापट प्रा.लि | १७५०० |
| 82. | कुमार अधिकारी | सेवा गाई फर्म | २५०० |
| 83. | सजिय महर्जन | इभान कलेक्सन | ६००० |
| 84. | मिलन माली | मिलन फर्म | ३००० |
| 85. | मानीराम थापा मगर | लांछाली गाई फर्म | २५०० |
| 86. | अनिराज बुढाथोकी | बुढाथोकी नर्सरी | १५०० |
| 87. | सुमन श्रेष्ठ | श्री बाघ भैरब आलु एण्ड स्टील टेक | ३०००० |
| 88. | प्रवश भट्टट | साराङखेल इन्स्टिच्यूट एण्ड आर्टस ट्रनिङ सेन्टर | ४८०० |
| 89. | सिद्ध बहादुर बस्नेत | सिद्ध खाद्य किराना स्टोर | ६००० |
| 90. | शोभा महर्जन | वि.एस.इन्त्रप्राइजेज | ६००० |
| 91. | अमिता महर्जन | अमिता कस्मेटिक पसल | १८४०० |
| 92. | हरि देवी महर्जन | बालकुमारी र विष्णुदेवी पुजा | ५००० |
| 93. | | | |

| | | | |
|---|---|---|---|
| | मधुसुदन कर्माचार्य | मधु स्टोर | १०००० |
| 94. | युजिना महर्जन | झिगु इन्जिनियरिङ कन्सल्टेन्सी | ७५०० |
| 95. | निरन सुनुवार | हार भेष्ट फ्रेस एण्डफोजन मार्ट | ३०००० |
| 96. | उत्तम अधिकारी | उत्सना स्टोर | १०००० |
| 97. | शैलेश कुमार सिंह | जानकी मिडिया सर्भिस | १२५०० |
| 98. | दिलन महर्जन | दिब्य सस एण्ड नास्ता | ५००० |
| 99. | रामदेवी महर्जन | भ्याड्ड माछा फर्म | २०५०० |
| 100. | सीता सेवा परियार | बाबरी केमिकल सप्लायर्स | ५००० |
| 101. | लब विक्रम बस्नेत | ब क्याफे एण्ड बार | ६००० |
| 102. | कमला महर्जन डंगोल | सुकु छे द नेवारी रेष्टुरेण्ट | ७५०० |
| 103. | कमला महर्जन डंगोल | सुकु छे द नेवारी रेष्टुरेण्ट मदिरा पसल | ७५०० |
| 104. | राम प्रसाद आचार्य | शुभकामना एकेडेमी लि. | ४०००० |
| 105. | विकास महर्जन | श्री बाघभैरब कृषि तथा पशुपालन फर्म | २७६०० |
| 106. | इशवर कटुवाल | ग्रेभ हिल चोभार हाइट कटेज | ९००० |
| 107. | पिंकी देवी शाह | युग किराना स्टोर | २७६०० |
| 108. | रीता महर्जन | कवाः र कृषि थगन पशुपालन फर्म | १०२०० |
| 109. | सम्झना निरौला क्षेत्री | स्कुप एण्ड स्माइल | ६७५०० |
| 110. | सप्तराज शाक्य | इन्सपायर बेकरी | १०००० |
| 111. | सविन डंगोल | आई.सि.टि.नेपाल | ६००० |
| 112. | सोविता सहनी | सविता किराना पसल | ३५००० |
| 113. | संगिता सुवेदी हमाल | जल विनायक इन्टिग्रेटेड एग्रीकल्चर प्रा.लि. | २४००२ |
| 114. | राजीब महर्जन | आर.एस. फिल कृषि फर्म | १४५०० |
| 115. | राम खडका | योगीराम फिल्स प्रा.लि | १६००० |
| 116. | सरस्वती चौधरी | कल्प कन्टिनेन्टल प्रा.लि. | ३२००० |
| 117. | नवराज लामिछाने | एभेरेष्ट हाइजिङ ट्रेक्स एक्सपिडिशन प्रा.लि. | २४४०० |
| 118. | रम्बा उपाध्याय | मालिका कृषि फर्म | ४३४५ |
| 119. | सरेन्द्र के,ृसी समेत | हेल्दि हेल्थ एग्रmीकल्चर फर्म | १४५०० |
| 120. | हरि चन्द्र महर्जन | बाघ भैरब राईस एण्ड चिउरा मिल | ७५०० |
| 121. | भक्त महर्जन | जय भक्त खाद्य स्टोर | ७००० |
| 122. | नरेश त्वानाबासु | वि.वि.सी गुप इन्जिनियरिङ सर्भिस प्रा.लि | ३९२०० |
| 123. | राहित क्षेत्री | रत्न देवी स्टोर | २८००० |
| 124. | | | |

| | | | |
|---|---|---|---|
| | सुमेश महर्जन | पाँगा फर्निचर | ६००० |
| 125. | मदन महर्जन | महर्जन मोबाइल मर्मत कन्द्र | १८४०० |
| 126. | राजु प्रसाद ज्ञवाली | गल्मी रेसुङा किराना पसल | १३८०० |
| 127. | ज्ञानेन्द्र पराजुली | एक्सिस इन्जिनियरिङ कन्सल्टनेन्सी | ३०५०० |
| 128. | धर्म महर्जन | महर्जन ट्रेड मार्क | १३८०० |
| 129. | ज्ञानु अधिकारी | वि एण्ड जि फेन्सी पसल | २९००० |
| 130. | रामहरि थापा क्षेत्री | जलविनायक कन्स्ट्रक्सन एण्ड सप्लायस | ३०००० |
| 131. | केशब बहादुर कार्की | के.एण्ड.डी.ट्रेडर्स | ६००० |
| 132. | निल कुमार राना | जय दुर्गा माँ बेकरी उद्योग | २०४०० |
| 133. | विष्णु माया महर्जन | ओ टु शप | ४००० |
| 134. | गोपाल आचार्य | दृष्यलय सिनेमा प्रा.लि | १८४०० |
| 135. | पार्वती महर्जन | पि.एम. फ्रेस कोल्ड स्टोर | ६००० |
| 136. | किवा शाह | वोसन इन्टरनेशनल प्रा.लि | ३८४०० |
| 137. | विष्ण के.सी | श्रीविस स्टोर | १८४०० |
| 138. | संगिता श्रेष्ठ | हिकालयन यती कृषि तथा पशुपालन | १०२०० |
| 139. | कल्पना पुडासैनी | खप्पड इन्टरप्राइजेज | १६८०० |
| 140. | सृष्टि रेग्मी | सृष्टि देउराली स्टोर्स | १३८०० |
| 141. | पुजा श्रेष्ठ | जारा स्टोर | ४००० |
| 142. | मसली माया श्रेष्ठ | साम्युल ब्यूटी पार्लर एण्ड कस्मटिक | ८००० |
| 143. | किरण कार्की | किरण खाजा तथा भोजनालय | २५२०० |
| 144. | दुर्गा विष्ट | प्रख्यात भेरी कर्णली प्लाष्कि स्टृर | १८४०० |
| 145. | सुनिता श्रेष्ठ | नसला ब्यूटी पार्लर | २००० |
| 146. | राम कृष्ण महर्जन | जनहित केषि सहकारी संस्था लि. | २२४०० |
| 147. | राकेश श्रेष्ठ | श्रेष्ठ राइस मिल | ३००० |
| 148. | सुजित महर्जन | एस.आर.एन पयामली | ४५०० |
| 149. | किरण महर्जन | लक्ष्मी कागज उद्योग | ४५०० |
| 150. | लक्ष्मी महर्जन | लक्ष्मी खाद्य स्टोर | ३००० |
| 151. | शिरिष महर्जन | शिरिष कपडा पसल | २००० |
| 152. | विना महर्जन समेत | पागाँ महिला बचत तथा ऋण सहकारी संस्था लि. | १८६०० |
| 153. | प्रेम बहादुर चौधरी समेत | द्रनिङ हस्तकला | १८३०० |
| 154. | इन्द्र बहादुर महर्जन | उर्विन बेकरी | ६००० |
| 155. | | | |

| | | | |
|---|---|---|---|
| | राजिब श्रेष्ठ | सार्क टेक्नोलोजी प्रा.लि. | १८३०० |
| 156. | कृष्ण कुमारी महर्जन | पागा इलेक्ट्रानिक्स | ४५०० |
| 157. | मिना कुमारी थारु | श्री लक्ष्मी उद्योग | १३३०० |
| 158. | गोकर्ण प्रसाद तिमिल्सेना समेत | मेडकेयर नेपाल | १५३०० |
| 159. | सरोज कुमार महर्जन | ग्लोबल हाण्डीक्रापट एण्ड आदर्श प्रा.लि | २५५०० |
| 160. | प्रजिना खड्गी प्रसाई | युनिक एण्ड यलुनिश गिपट शप | १०२०० |
| 161. | स्वर्ण महर्जन | पिस क्याफे | २९२०० |
| 162. | सुब्बा श्रेष्ठ | मनकामना खाजा घर | ३५०८० |
| 163. | शैलेश महर्जन | एक्स इन टाट्टु स्टुडियो | ५३००० |
| 164. | अनिस शाही | बै.ग रेष्टुरेण्ट | ३०६०० |
| 165. | मनोज श्रेष्ठ | नवनि हेल्थ केयर प्रा.लि | ३०६०० |
| 166. | रुपक दुलाल | क्षितिज अर्थो न्यूरो केयर सेन्टर | ४५००० |
| 167. | नर्सिङ राम महर्जन | नर्सिङ सिलाई | २७६०० |
| 168. | मन्दिरा महर्जन | मदिरा फोटोकापी एण्ड स्टेशनरी | २३००० |
| 169. | ज्यास्मिन देउला पुजारी | ज्यास्मिन फेन्सी एण्ड कस्मेटिक | २३००० |
| 170. | धनीचन्द्र बोहोरा | आशिश किराना पसल | २७६०० |
| 171. | सुनिता कुमारी साउद | धिरज किराना पसल | ५७००० |
| 172. | प्रभाकर महर्जन | कीर्तिपुर फुटशल प्रा.लि. | २७६०० |
| 173. | हेविन्द्र मानन्धर | हेविन फेशन होम | ५५५०० |
| 174. | चन्दन ठाकुर | चन्दन लेडिज एण्ड ब्यटी हेयर सैलुन एण्ड ट्रेनिङ सेन्टर | ६०००० |
| 175. | मन्नु प्रसाद चौधरी | न्यू मेन एण्ड एसोशिट्स प्रा.लि. | ४२००० |
| 176. | पुनिता यादब | माँ सरस्वती स्टेशनरी एण्ड गिपट सेन्टर | ५१००० |
| 177. | अर्जन सिंह | कीपू बस सेवा प्रा.लि. | ३७५०० |
| 178. | मिना महर्जन | हिडन लिक्वयर एण्ड विर्टस | ४५०० |
| 179. | सजित महर्जन | बालकुमारी ट्रेडर्स | ५००० |
| 180. | लक्ष्मी देवी महर्जन | बाघ भैरब किराना पसल | ६१७०० |
| 181. | विजय कुमार महत्तो | स्वर्ण कम्युनिटी हेल्थहोम अर्गनाइजेशन | ५४००० |
| 182. | स्वस्तिक राज महर्जन | इन्फिनिटेक ट्रेडर्स | १०५०० |
| 183. | राजमान बज्राचार्य | बज्र ज्वलर्स | १९६५०० |
| 184. | दिपक नेपाली | ट्रि मिडिया प्रा.लि. | ४००० |
| 185. | सन्तोष बज्राचार्य | सन्तोष स्टोर | १८३०० |
| 186. | | | |

| | | | |
|---|---|---|---|
| | संजय कुमार रोक्का | डिजाइन स्क्वायर | २७६०० |
| 187. | गोकुल देव अवस्थस्ि | लर्ड बुद्ध कस्मेटिक | २७६०० |
| 188. | पकंज श्रेष्ठ | आवर एभरेष्ट केनल | ४५००० |
| 189. | सूर्यै प्रसाद आचार्य | सुविक्षा खाजा घर | ५००० |
| 190. | श्याम कृष्ण महर्जन | पदम प्रेस | १८००० |
| 191. | राजु महर्जन | झिगु सेकुवा छे | १६१४०० |
| 192. | सूय मोहन वास्तोला | लुम्बिनी पाल्पा हास्टेल तथा होटल | १३८०० |
| 193. | राजेशवरी कायस्थ | आर. आर इम्पेक्स | १३८०० |
| 194. | लक्ष्मण महर्जन | अर्थो न्यूरो कार्डियर केयर प्रा.लि | ४९८०० |
| 195. | रवि महर्जन | स्वस्ति इन्ष्टिच्यूट | ३६००० |
| 196. | रादिप महर्जन | न्यू रिमेम्बर कलेक्सन | ६००० |
| 197. | कृष्ण मान डंगोल | कीर्तिपुर बोडिङ स् कूल प्रा.लि. | ६६००० |
| 198. | कृष्ण बहादुर बम | केदारश्वर ब्वाईज होस्टेल | १४५००० |
| 199. | अब्दुल मोतल्लीब | अब्दुल रेडिमेड स्टोर | २३००० |
| 200. | शिला राई | राई स्टोर | २३००० |
| | | | ४६५००२७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,५०,०२७ |

१६.११**कोसेली घरको आम्दानी** – कीर्तिपुर नगरपालिका र कोसेली घरको सटर भाडा लिने/दिने सम्वन्धमा मिति २०८०।१०।१ मा नगरपालिका र कोसेली घर सञ्चालक ११ जना व्यवसायी सँग मासिक रूपमा विभिन्न दरले भुक्तानी दिने गरी सम्झौता भएको देखिन्छ । तर लेखापरीक्षणको क्रममा उक्त व्यवसायीहरुले भाडा भूक्तानी गरेको बैंक भौचर प्राप्त नभएकोले संकलन हुनुपर्ने राजश्व समयमा नै संकलन भएको छ भनि विश्वस्त हुन सकिएन । पालिकाले निम्नानुसारको रकम पालिको सञ्चित कोषमा आम्दानी जनाएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नेपर्ने देखिएको रू.

| क्र.स. | सटरवालाको नाम | सटर भाडा मासिक | सटर भाडा ६ महिनाको(२०८०।१०।१ मा सम्झौता भएको) |
|---|---|---|---|
| १. | रजिता नापित महर्जन | ५६०० | ३३६०० |
| २. | नरेश महर्जन | ५५०० | ३३००० |
| ३. | छायाँदेवि महर्जन | ५८०० | ३४८०० |
| ४. | अजित दुलाल | ५००० | ३०००० |
| ५. | हिसिला महर्जन | ५००० | ३०००० |
| ६ | यसोदा परियार | ५५०० | ३३००० |
| ७ | सरला महर्जन | ५००० | ३०००० |
| ८ | सरला महर्जन | ५००० | ३०००० |
| ९ | निर्मला महर्जन | ५००० | ३०००० |
| १० | बिमला महर्जन | ५००० | ३०००० |
| ११ | सकुन्तला जोशी | ५००० | ३०००० |
| १२ | खाली | - | - |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४४,४०० |

१७ **सरकारी मापदण्ड भन्दा बढी खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम कुनै पनि सरकारी खर्च गर्दा सरकारी नर्म्स बमोजिम नै गर्नुपर्ने व्यवस्था रहेको छ । अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा नं ७.१ बमोजिम सबै प्रकारका तालिम गोष्ठी सेमिनारमा खाजा खर्च वापत रु २०० मात्र खर्च गर्न पाउने नियम भएकोमा पालिकाको कार्यपालिकाको निर्णय अनुसार रु ३०० सम्म दिने निर्णय गरेको देखिन्छ । पालिकाले कार्यक्रम खर्चको मापदण्ड तथा कार्यविधि नबनाई निर्णयको आधारमा दिइएको यस्तो खर्च अनियमित देखिएको रु

| मिति/ गो भौ.न | संस्थाको नाम | कार्यक्रम | दिनुपर्ने रकम | गएको रकम | वढी भुक्तानी भएको |
|---|---|---|---|---|---|
| ७८।२०८०।८।२७ | कीपू वचत तथा ऋण सहकारी संस्था | रक्तदान कार्यक्रम सहयोग | ४६ जना को २०० का दरले दिनुपर्ने९२०० | ११५६०० | २३६० |
| ८०।८।२७ | बालकुमारी प्याथोलोजी | रक्तदान कार्यक्रम | ६५ जनाले २५० का दरले | १६२५० | ३२५० |
| | | | जम्मा रकम | | ५६१० |

| | |
|---|---|
| अनियमित भएको | ५,६१० |

१८ **खेलकुद कार्यक्रम** -

राष्ट्रिय खेलकुद नीति, २०८० ले तय गरेका खेलकुदको माध्यमबाट स्वास्थ्य, सिर्जनशील र अनुशासित जनशकि तयार पार्ने नीति रहेको छ। त्यसको लागि विद्यालयस्तरमा खेलकुदलाई प्राथमिकतामा राखि प्रतिभाको विकास गर्ने, विद्यालयमा अतिरिक्त क्रियाकलापको अभ्यास र नियमित रुपमा खेलकुद प्रतियोगिताको आयोजना गर्ने कार्यनीतिमा उल्लेख छ।संघिय सरकारवाट हस्तान्तरित खेलकुद कार्यक्रम बाहेक नगरपालिका चालुबाट कार्यक्रम रु १ करोड ५ हजार तर्जुमा गरी ९० लाख २७ हजारखर्च भएको विभिन्न भौचर परीक्षणबाट देखिन्छ। पालिकाको आन्तरिक राजश्व न्यून रहेको अवस्थामा वितरणमुखी, खर्चको मापदण्ड तथा कार्यविधि

वेगर आन्तरिक स्रोतबाट यसरी ठुलो रकम खर्च गर्ने कार्यमा पालिकाले नियन्त्रण गर्नु पर्दछ I खेलकुद कार्यक्रमका केही उदाहरण निम्न प्रकार रहेका छन्।

| कार्यक्रम | वजेट | रकम खर्च | कैफियत |
|---|---|---|---|
| मेयर खेलकुद विकास कार्यक्रम | ३ लाख | ३ लाख | |
| विभिन्न खेलकुद प्रतियोगीता तथा तालिम संचालन | २० लाख | २० लाख | |
| खेलकुद सामाग्रवितरण कार्यक्रम | १० लाख | | ९ लाख ३० हजार |
| मेयर खेलकुद प्रतियोगिता | ६ लाख ५० हजार | ४ लाख ४३ हजार | यस रकमलाई तिर्न बाँकी |
| युवा तथा खेलकुद लक्षित कार्यक्रम | ३ लाख | २ लाख ७५ हजार | |
| युवा तथा खेलकुद लक्षित कार्यक्रम | ३ लाख | ३ लाख | प्रदेश सरकारको |
| खेलकुद कार्यक्रमको आयोजना, सहभागीता तथा सामाग्री खरिद | ९ लाख ५० हजार | ५ लाख ९१ हजार | प्रदेश सरकारको कार्यक्रम वडा नं ३ |
| खेलकुद तथा खेलाडीहरुको बिकास तथा क्षमता अभिबृद्धि | ९०००००० | ९००००० | वडा नं ४ |
| वडाबाट आयोजना गर्ने तथा वडाको प्रतिनिधित्व गरी विभिन्न खेलकुद प्रतियोगिताहरुमा सहभागिता जनाउने | ७ लाख | ६२३३९५ | वडा नं ५ |
| खेलकुद कार्यक्रम र वडा महोत्सव | १२ लाख | १२ लाख | वडा नं ६ |
| युवा तथा खेलकूद कार्यक्रम | ३ लाख | २४०००० | वडा नं ७ |
| खेलकुद विकास कार्यक्रम | ४ लाख | २६१४४० | वडा नं ८ |
| खेलकुद प्रर्वद्धन तथा युवा लक्षित कार्यक्रम | ४ लाख ५० हजार | ३,०९,६२० | वडा नं ९ |
| खेलकुद प्रतियोगिता तथा विभिन्न कार्यक्रम | ५ लाख | ३,९७,५०७. | वडा नं १० |
| विद्यालयमा नगरस्तरीय अतिरित्त कार्यक्रम तथा खेलकुद विकास सहयोग कार्यक्रम | ५ लाख | २,५६,५९५ | शिक्षा शाखा |
| | १ करोड पचास लाख | ९० लाख २७ हजार | |

१९ **जात्रा तथा पर्वमा खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना तर्जुमा गर्दा प्राथमिकता दिदा आर्थिक विकास तथा गरिबी निवारणका गर्ने एवं भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना गर्ने खालका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ ।नेपाल सरकार कार्यविस्तृतीकरण प्रतिवेदन २०७३ मा स्थानीय तहले गर्नुपर्ने २२ कार्यहरुमा भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासमा स्थानीय स्तरको नीति,कानून,मापदण्ड तयार पार्नुपर्ने व्यबस्था रहेको छ ।स्थानीय तहले आफ्नो क्षेत्र भित्र सञ्चालन गरिने जात्रा महोत्सवको सुची तयार पारी मापदण्ड तयार पार्नुपर्दछ । त्यसैगरी जात्रा, महोत्सव सञ्चालनमा जम्मा लागत कति रहेको, कार्यक्रम कार्यान्वियनका साझेदारहरु को को हुन, साझेदार मध्ये कस्को योगदान के मा रहने जस्ता विषयहरु खुलाई टिप्पणी उठान भएको तथा सम्झौता भएको देखिदैन । सार्वजनिक खरिद नियमावलीको नियम ९९ मा कार्यक्रम कार्यान्वियन प्रभावकारी हुने देखिएमा गैरसरकारी संस्थाबाट गराउन सक्ने व्यबस्था रहेको छ ।क्लव गूठि द्धारा सञ्चालन गरिएका यस्ता कार्यक्रमको पालिकाले अनुगमन समेत गरेको देखिदैन ।पालिकाले यस आ.व मा साँस्कृतिक तथा पर्वमा रु ५१ लाख ८५ हजार ८ सय वजेट विनियोजन गरेकोमा रु ४३२९३७१ खर्च गरेको छ ।त्यसैगरी जात्रा पर्वमा वत्ती जडानका लागि २९,५०,००० वजेट विनियोजन गरेकोमा २२२८१५१.४८ खर्च भएको

देखिन्छ ।यसरी पालिकाले खर्च गर्दा बढी जसो खाजा खर्च खाजा खानामा खर्च गरेको देखिन्छ।गुठी संस्थान, प्रदेश सरकार,पुरातत्व विभाग र पालिकाको फरक फरक कार्यक्षेत्र, कार्य प्रणाली र दायित्व रहेको छ । संस्कृति सम्पदा संरक्षण गर्नु तीनवटै निकायको कार्यक्षेत्रअन्तर्गत पर्दछ । त्यसैले संस्कृति संरक्षण गर्न गुठी संस्थान, पुरातत्व विभाग, पालिका र अन्य स्थानीय निकायहरू बीच समन्वय हुनु आवश्यक छ।त्यसैले पालिकाले आवश्यक जात्रा तथा पर्वमा नगरी नहुने कार्यमा मात्र कार्यक्रम तथा वजेट विनियोजन गर्ने व्यबस्था हुनुपर्दछ । कार्यक्रम पश्चात अनुगमन प्रतिवेदन पनि पेश गर्नुपर्दछ ।

| वडा नं | बजेट | खर्च रकम |
|---|---|---|
| १. | ७५०००० | ५२९८६० |
| २ | ३४५००० | ३४५००० |
| ३. | ९००००० | ८३७९१८ |
| ४. | - | - |
| ५. | ५००००० | ४७८२९८ |
| ६. | ९४०००० | ८१०००० |
| ७. | ६००००० | ५२०००० |
| ८. | - | - |
| ९. | ११५०००० | ८०५००० |
| १०. | - | - |
| जम्मा | ५१८५८६७ | ४३२९३७१ |

२० **भरपाई तथा प्रमाण पेश गर्नुपर्ने-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२३,७३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२१ **अवलोकन भ्रमण कार्यक्रम लक्षित समुह खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानून बमोजिमलक्षित समुहको मागको आधारमा लक्षीत समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ।तालिम अवलोकन लगायतका कार्यक्रम संचालन गर्दा नगरवासीको आर्थिक र सामाजिक जिवन स्तरमा उन्नती र चेतनामा विकास हुने कार्यकमहरु संचालन गर्नुपर्नेमा सो बमोजिम नभई कार्यक्रमहरु नतिजामुखी भन्दा वितरणमुखी प्रकृतिको रहेका, प्राप्त उपलव्धी र स्तर वृद्धि सम्बन्धमा प्रतिवेदन र पुष्ट्याई पेश गर्ने नगरिएको, अत्यावश्यक कार्यक्रम समुदायमा आधारित प्रतिफल प्राप्त हुन सक्ने र जीवनस्तर सुधारका कुरामा ध्यान दिनु पर्दछ ।पालिकाले यस आ.व महिला, वालवालिका, ज्येष्ठ नागरिक तथा कर्मचारी एवं जनप्रतिनिधि अवलोकन कार्यक्रम वडा गत रुपमा रु १,१७,९६,००० वजेट विनियोजन गरेकोमा रु १,०१,७९,६७५ खर्च गरेको छ । न्यून आन्तरीक आय भएको पालिकाले यस्ता कार्यक्रममा नियन्त्रण गर्नुपर्दछ । नमुना छनौटका केही उदाहरण निम्नानुसार रहेका छन् ।

| भौ.नं/मिति | वडा नं | वजेट | खर्च | कार्यक्रम | भ्रमण गर्ने स्थान | खर्चको अवस्था |
|---|---|---|---|---|---|---|
| ११०२। ११।२७ | वडा नं ४ | ९ लाख | ८,२९,००० | ज्येष्ठ नागरिक लक्षित कार्यक्रम | लुम्बिनि, सुपादेउराली, बूटबल | वडा सचिव वालकृष्ण बास्कोटा |
| ८०९।१०। ९१ | १ | ३ लाख | १,२७,७७५ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास कार्यक्रम | | लक्ष्मी महर्जन |
| १८१९।३। १३ | १ | ८ लाख | ७७२५०० | ज्येष्ठ नागरिक | | तुब्रो लाइटिङ् २ |
| १४८९ | पालिकास्तरिय कार्यक्रम | ५ लाख | ४९८५७५ | होमस्टे प्रबद्धन कार्यक्रम पालिकास्तरिय कार्यक्रम | मनाड ३० जना सहभागि | ग्रामिण विकास तथा अनुसन्धान केन्द्र |
| १६४२।२। २१ | २ | ९ लाख | ८४८२६८ | ज्येष्ठ नागरिक कार्यक्रम | | केशव सुवेदी २३८१५२ तुब्रो लाइट३७१२४४<br>पि.एम ट्राभल्स प्रा.लि |
| १४९७।२। १ | २ | ३ लाख | २८५६०० | जनप्रतिनिधि तथा वडा कर्मचारीहरुको भ्रमण | | पि.एम ट्राभल्स प्रा.लि २३७३०० अन्य जनप्रतिनिधि भ्रमण |

२२ **प्रेसर सुगरको औषधी वितरण-**

२२.१ **कार्यक्रम संशोधन-** सुगर तथा प्रेसर औषधी निशुल्क वितरण कार्यक्रम एकल महिला,अपाङ्, सहित ७० बर्ष माथिका ज्येष्ठ नागरिकको लागि वजेट तथा कार्यक्रम अन्तर्गत स्वास्थ्य तर्फको वजेटको सि. नं. ७ मा रु १ करोड ६० लाख बजेट छुट्याइएको पाइयो। पालिका चालु तर्फ बाट विविध खर्च भौचर नं ३६ बाट रु २४,५७,९८४ र भौचर नं ५७ बाट रु १४,६२,८७२ कोटेशन मार्फत गरेको देखिन्छ। बाँकी भौचर नं ९९९ बाट ५० लाख घरेलु तथा लघु उद्यमको रकम रकमान्तर गरी खर्च भएको देखिन्छ ।यस कार्यक्रम सम्बन्धमा अन्य व्यहोरा निम्नानुसार रहेका छन् ।

२२.२ लागत अनुमान रु १८१२९८५७।८६ गरिएकोमा दुइ वटा फर्मले मात्र **Bid** मा सहभागिता रहेकोमा लागत अनुमान भन्दा रु १८०२६३४ अर्थात ०.९९ प्रतिशतमा कममा सोहन मेडि सेल्स कागेश्वरीसँग मिति २०८०।९।१० मा सम्झौता गरेको देखिन्छ । खरिद भएका औषधीको नाम तथा व्याच नंम्बर **date Expire** को मिति नभएको ४०६ प्रकारका औषधी खरिद गरिएकोमा Hard copy मा दर्ता गरेकोमा नियमानुसार ELMIS प्रणालिमा दर्ता गर्नुपर्दछ ।

२२.३ मिति २०८०।०५।२१ को टिप्पणी अनुसार २०७६।७७ बाट कीर्तिपुर अस्पतालबाट कार्यान्वयन गरिएको यस कार्यक्रम अनुसार आ.व. २०७८।७९ देखि यो पालिकाले निरन्तरता दिदै आएकोमा यस आ.ब. पनि निरन्तरता रहेको छ । यस कार्यक्रम अन्तरगत वितरण गर्ने औषधी सेवाग्राहिले सेवन गर्दै आएकोले सोही व्रान्डको औषधी खोज्ने हुनाले सोही व्रान्ड किन्ने निर्णय पालिकाले गरेको देखिन्छ। यस कार्यक्रमको बार्षिक खर्चको प्रवृत्ति यसप्रकार रहेको छ।

| सि.नं | आर्थिक बर्ष | कुल आन्तरिक आय | सुगरप्रेसर शिर्षकमा भुक्तानी | आन्तरिक आयको तुलनामा यस कार्यक्रमको प्रतिशत खर्च | वार्षिक लाभग्राहीको संख्या |
|---|---|---|---|---|---|
| १. | २०७६/७७ | ११०३३१४६८.७९ | ५०,००,००० | ४.५३ | कीर्तिपुर अस्पतालबाट वितरण |
| २. | २०७७/७८ | ११,८८,६५,५१९.८७ | ६५,३०,६१८.१४ | ५.५ | कीर्तिपुर अस्पतालबाट वितरण |
| ३. | २०७८/७९ | १६,४६,०८,२०६.३७ | ७६,८२,२५३.०३ | ४.६६ | ७८४ |
| ४. | २०७९/८० | १४,९६,१७,३५०.५३ | १,२०,००,००० | ८.०२ | ११२४ |
| ५. | २०८०/८१ | १८,२५,४६,७२६.३९ | २४,६४,१९३५ | १३.५ | १४३७ |

माथि उल्लेखित पालिकाको औषधी वितरणको प्रवृत्ति हेर्दा आ.व. २०७६।७७ मा आन्तरिक आयको ४.५३ बाट आ.व २०८०/८१ मा आइपुग्दा १३.५ प्रतिशत देखिन्छ।वित्तीय स्रोतको दिगोपनाको सुनिश्चतता नभइ यस्ता कार्यक्रम तर्जुमा गर्दा दिर्घकालिन प्रभावको समेत मुल्यांकन गर्नुपर्दछ।त्यसैगरी पालिकाले २ बर्षदेखिको डाक्टरको प्रेस्क्रिप्सनको आधारमा औषधी वितरण गरिएकोमा प्रेस्क्रिप्सनको मान्य अवधिमा स्वास्थ्य मापदण्ड तथा अन्तराष्ट्रिय प्रोटोकललाई समेत ध्यान दिएर तत्काल समयको कागजातको आधारमा स्वास्थकर्मी द्वारा वितरण गर्नुपर्दछ ।

२३ **कार्यक्रमबाट सरसफाई कर्मचारी-**

सरकारी खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धि मापदण्ड, २०७७ को बुँदा नं ४ को (३) मा कार्यक्रम खर्च शिर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्न नमिल्ने व्यहोरा उल्लेख छ । सरसफाइ कर्मचारी स्गानिय सरकार सञ्चालन ऐन २०७४ तथा फोहोरमैला व्यबस्थापन ऐन २०६८ ले फोहोरमैला व्यबस्थापन गर्ने दायित्व स्थानीय तहको भनी उल्लेख गरेको छ ।पालिकाले विभिन्न गैर सरकारी संस्थाबाट फोहोर संकलनका लागि सम्झौता गरेको छ।पालिका विना सम्झौता डोर हाजिरका आधारमा रु २ लाख भुक्तानी दिएको देखिन्छ । यसरी स्वीकृत कार्यक्रम खर्चबाट सरकारी नियम तथा मापदण्ड विपरित करारमा कर्मचारी राखी भुक्तानी भएको खर्च रकम नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

२४ **किर्तीपुर अस्पतालको भूक्तानी**

पालिकामा एक नगर अस्पताल सञ्चालनमा रहेको छ । नगर अस्पतालबाट प्रवाह भएको सेवाको शुल्क वापतको रकम पालिकाको वित्तीय विवरणमा समावेश भएको छैन।पालिकाबाट उक्त अस्पतालको लागि पारिश्रमिक खर्च,कार्यालय सञ्चालन खर्च लगायतमा यस आर्थिक बर्षमा २३९२७२७०।- रकम खर्च भएको छ।पालिकाको वित्तीय प्रतिवेदनमा उक्त अस्पतालको आम्दानी तथा खर्चको विवरण समावेश नभएको कारणले अस्पतालको सम्पूर्ण कारोबारको लेखापरीक्षण भएको छैन।अस्पतालले दर्तावाल लेखापरीक्षक नियुक्ति गरी विगतका बर्षमा लेखापरीक्षण गर्ने गरेको भएता पनि यस आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण अवधिसम्म प्राप्त नभएकोले कारोबारको विश्लेषण गर्न सकिएन।

२५ **शिक्षा तर्फ**

२५.१ **शिक्षा तर्फको खर्च तथा प्रति विद्यार्थि लागत** – यस नगरपालिका अन्तरगत पर्ने १२ वटा सामुदायिक विद्यालय,५ वटा वैकल्पिक तथा विशेष प्रकृतिका विद्यालय तथा ४० वटा संस्थागत विद्यालय तथा सामुदायिक विद्यालयमा २०८०।८१ मा १८५ शिक्षक,१४ बाल विकास शिक्षक, तथा २६ जना विद्यालय सहायक र कर्मचारी रहेका छन् । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको तलव भत्तामा रू १४१४३९६६२,दिवा खाजामा रू.६०१७६३२,विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानमा रु.८२४०००,प्रति विद्यार्थि सिकाई सामाग्रि अनुदानमा रू.२७७२७५०।– छात्रवृत्ति रकम रू.८१४९००।–पाठ्यपुस्तक अनुदानमा रू.३३७८९६९।–रिमेडियल कक्षा सञ्चालनको लागि रू.५०००००।–विद्यालय खेलकुद विकासमा रू.२५६५९५।– शैक्षिक गुणस्तर सुदृढिकरण कारयक्रम अन्तरगत

रू.१३०००००।– नमुना विद्यालय र प्र.अ.अनुवन्ध कार्यक्रम अन्तरगत रू.९३४८०००।–उत्कृष्ट कार्य सम्पादनमा आधारित अनुदान रू.५०००००।–नगर नमुना विद्यालय अनुदान रू.१५०००००।– विद्यालय अनुदान गरी रू.११८४८०००।– र कुल रकम विद्यालयको खातामा निकासा भएको छ । प्रति विद्यार्थि लागत वार्षिक रू.२८२२१ र मासिक रू.२३५२ खर्च भएको छ ।

२५.२ **निशुल्क पाठ्यपुस्तक-** कार्यालयले निशुल्क पाठ्यपुस्तक खरिदको लागि विभिन्न १७ वटा विद्यालयलाई ७५ प्रतिशत रकम २०८१।०१।०६ मा र २५ प्रतिशत रकम असार ६ गते रू ३३७८९६९।- अनुदान निकासा गरिएको छ।सार्वजनिक विद्यालयमा प्रदान गरिने निशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको तथा विद्यालयले विद्यार्थिलाई वितरण गरे/नगरेको सम्बन्धमा कार्यालयले निरन्तर अनुगमन नगरेकोले पालिकाबाट यस सम्वन्धमा अनुगमन गर्नुपर्दछ ।

२५.३ **दिवा खाजा रकम**-कार्यक्रम कार्यान्वियन पुस्तिका आ.व.२०८०।८१० को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वियन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ।त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका परीक्षामा सामेल भएको दिनसमेत को प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ।कार्यालयले संघीय शसर्त अनुदान तर्फको दिवा खाजाका लागि १७ विद्यालयलाई विभिन्न किस्तामा रु ६०,१७,६३२।-दिवा खाजामा निकासा भएको छ । तर पालिकाले दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिदैन। अनुगमन गरी दिवा खाजाको गुणस्तर मापन गरी प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।गुणस्तर अनुसारको खाजा नखुवाउने विद्यालयलाई जिम्मेवार बनाउनु पर्दछ ।

२५.४ **आधारभूत तह उत्तीर्ण परीक्षा** – पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस अन्तरगत पर्ने आधारभूत तह कक्षा ८ को परीक्षामा ३२ वटा विद्यालयका १३३७ विद्यार्थि सहभागि भएकोमा आन्तरिक मूल्यांकन र बाह्य मूल्यांकन बीचमा तालमेल नभएको देखिएको छ। आन्तरिक मूल्यांकन र बाह्य मूल्याकंनमा तालमेल कायम गर्नुपर्दछ । नतिजामा सुधार ल्याउन पालिकाले थप सुधार गर्नुपर्ने देखिएको छ।

२५.५ **शिक्षक दरवन्दी** – शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं १२ अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ।पालिकाले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन सम्बन्धमा कुनै पहल गरेको छैन।पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप शिक्षक पदपुर्ति गराई नियमित पठन पाठन गराउनु पर्दछ ।

| क्र. सं. | विद्यालयको नाम | प्राथमिक | | निमावि | | मावि | | उमावि | | जम्मा | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | राहत | स्वीकृत | राहत | स्वीकृत | राहत | स्वीकृत | राहत | | | | | |
| १ | आदिनाथ मा. वि | ९ | ० | ४ | ० | ५ | ० | ० | ० | १८ | | ० | २६८ | १६ |
| २ | कीर्तिपुर मा वि | ११ | १ | ७ | ० | ८ | ० | ० | ० | २६ | | ० | ४७४ | १९ |
| ३ | गोरखनाथ मा वि | १० | १ | २ | १ | ३ | २ | ० | ० | १५ | | ० | १७७ | १२ |
| ४ | जनसेवा मा वि | १३ | ० | ८ | १ | ८ | ० | २ | | ३१ | | ३ | १५०५ | ४७ |
| ५ | टौदह मा वि | ७ | ० | | ४ | ५ | ० | २ | | १८ | | २ | ४८१ | २७ |
| ६ | बाघभैरब मा वि | ६ | ० | | ७ | ८ | ० | ० | | २१ | | ० | १७७ | ८ |
| ७ | बालकुमारी मा वि | ९ | ० | ३ | १ | ४ | २ | ० | | १६ | | ० | ४०४ | २५ |
| ८ | मंगल मा वि | ६ | ० | २ | ० | ५ | १ | २ | | १५ | | ६ | १३११ | ८७ |
| ९ | विश्वराष्ट्रिय मा वि | ७ | ० | १ | ० | १ | १ | ० | | ९ | | ० | २१४ | २४ |
| १० | बैष्णवी मा वि | ७ | ० | ३ | ० | ४ | १ | ० | | १४ | | १ | २५९ | १९ |
| ११ | नवज्योती मा वि | ४ | ० | ० | ० | ० | ० | ० | | ४ | | ० | १०२ | २६ |
| १२ | इन्द्रायणी मा वि | ६ | ० | ० | ० | ० | ० | ० | | ६ | | ० | ८३ | १४ |
| १३ | सुस्तमनस्थिति मा वि | १ | ० | ० | ० | ० | ० | ० | | १ | | १ | | |
| १४ | लेबोरेटरी मा वि | २ | ० | १ | ० | २ | ० | ० | | ५ | | २ | | |
| | जम्मा | ९८ | २ | ३१ | १४ | ५३ | ७ | ६ | ० | १९९ | ० | १५ | ५४५५ | २७ |

२५.६ **माध्यमिक शिक्षा परीक्षा २०८० नतिजा-** पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस आ.व. मा एस्.ई.ई. परीक्षामा पालिकाअन्तरगत पर्ने माद्यामिक ३१ वटा (माद्यामिक विद्यालय संस्थागत सहित) ११५८ जना सहभागि भएकोमा ९८६ जना उतिर्ण भएका छन् जुन् ७९ प्रतिशत हो । नगरपालिकाको समग्र जि.पि.एस्.२.६२ रहेको छ ।उत्तीर्ण नतिजामा सुधार ल्याउन पालिकाले थप सुधार गर्नुपर्ने देखिएको छ ।

२५.७ **विद्यालयमा शैक्षिक गुणस्तर तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** – गो.भौ.नं.२३३ मिति २०८१।०२।०३ शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशित गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को २.८.९ क्रियाकलाप नं.२.७.१३.३ विद्यालयमा शैक्षिक सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तरगत उपक्रियाकलाप ९.३ मा शैक्षिक,व्यवस्थापकीय सुधार,सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको लागि उत्कृष्ट विद्यालय छनौट गर्दा कम्तिमा आधारभूततर्फ १०० विद्यार्थि र माध्यामिकतर्फ २०० विद्यार्थि भएका मध्ये सामाजिक परिक्षण मापदण्ड,२०७८ ले तोकेको विधि,प्रक्रिया र पद्धति बमोजिम प्राप्त गरेको समष्टिगत अंकलाई आधार मानेर उच्चतम् अंक प्राप्त गर्ने प्रथम र द्धितीय हुने विद्यालयलाई क्रमश ३ लाख र २ लाख अनुदान दिने व्यवस्था रहेको छ।शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३. को उपक्रियाकलाप नं.९.५ को विद्यालयमा पुस्तकालय स्थापना अनुदानका लागि छनौट भएका विद्यालयलाई प्रति विद्यालय पालिकाले एकमुष्ट रु.६ लाख

५० हजार उपलब्ध गराउने, उक्त अनुदानबाट लाइब्रेरीका लागि आवश्यक फर्निचरहरू बसाइ व्यवस्थाका लागि कुर्सी टेबुल लगायतका सामग्रीहरू व्यवस्था गर्न कुल बजेटको २५% विद्यालयले खर्च गर्न सक्ने र अन्य रकम पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्नसक्ने व्यवस्था छ। त्यस्तै पालिकाले मिति २०८०।११।१७ गते बसेको बैठकको निर्णयानुसार उत्कृष्ट अंक प्राप्त गर्ने तथा पुस्तकालय स्थापनाको तपसिलका विद्यालयलाई देहाय बमोजिम अनुदान रकम निकासा भएकोमा विद्यालयले अनुदानको रकम कुन प्रयोजनको लागि प्रयोग भएको हो भन्ने सम्वन्धमा पालिकामा खर्च प्रमाणित गर्ने कागजपत्र नरहेको तथा अनुगमन नगरेको,प्रस्ताव अनुसार खर्च भएको हो कि होईन भन्ने सम्वन्धमा खर्च प्रमाणित गर्ने कागजपत्र पेश गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | निकासा भएको रकम | कैफियत |
|---|---|---|---|
| १ | गोरखनाथ मा वि | ६५००००।- | विद्यालयविज्ञान प्रयोगशाला अनुदान |
| २ | वैष्णमी मा.वि. | ६५००००।- | विद्यालय पुस्तकालय अनुदान |
| ३ | वैष्णवी मा.वि. | २०००००।- | उत्कृष्ट कार्य सम्पादन मूल्यांकन अनुदान |
| जम्मा | | १५०००००।- | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,००० |

२५.८ **विद्यालय शिक्षकको अद्यावधिक विवरण** - कार्यालयले यस अन्तरगत रहेका १६ वटा विद्यालयमा पठनपाठन गराउने तह अनुसारका शिक्षकको विवरण अद्यावधिक गरेर राख्नुपर्दछ।नियुक्ति भएका,सरुवा भएका,वढुवा भएका,राजिनामा दिएका तथा निवृत्त भएका शिक्षक तथा विद्यालय कर्मचारीको अद्यावधिक विवरण पालिकाले नराख्दा यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ। अतः विद्यालयगत शिक्षक तथा कर्मचारीको विवरण अद्यावधिक राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गर्नुपर्दछ।

२५.९ **विद्यालयगत निकासा खाता** - कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनुपर्दछ। कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको देखिएन।यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ।अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गर्नुपर्दछ ।

२५.१० **नमुना विद्यालय अनुदान** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७७ को नियम३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । पालिकाको नमुना विद्यालय मंगल माद्यामिक विद्यालय र जनसेवा माद्यामिक विद्यालयको लागि नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन गर्न मंगल माद्यामिक विद्यालयलाई रू.४६७४००० र जनसेवा माद्यामिक विद्यालयलाई रू.४४७४००० गरी जम्मा रू.९१४८०००।– निकासा भएको देखिन्छ । लेखापरीक्षणको क्रममा मंगल माद्यामिक विद्यालयको रू.४६७४०००।–को कागजपत्र मात्र पेश भएकोमा सोहि अनुसार लेखापरीक्षण भएको छ।जनसेवा माद्यामिक विद्यालयको लागि निकासा भएको रकमको बिल भरपाई,कार्यसम्पन्न प्रतिवेदन,अनुगमन प्रतिवेदन लगायतका कागजपत्रहरु लेखापरीक्षणको क्रममा पेश भएको छैन। पालिकाले अनुदान निकासा गरी प्रस्तावमा पेश भए अनुसारको काम सम्पन्न भए वा नभएको सम्वन्धमा अनुगमन समेत गरेको देखिएन।निकासा दिएको अनुदानको खर्चलाई पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने देखिएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,७४,००० |

## २६ विविध परीक्षण

२६.१ **सि. सि. क्यामरा जडान** - नगरपालिकाबाट यो आर्थिक बर्षमा निम्नानुसारको सि. सि. क्यामरा खरिद भएका छन् खरिद तथा जडान गरिएका सिसि क्यामारा कति परिमाणमा खरिद गरिएको कुन कुन ठाउमा जडान भएको क्यामाराको एक्सेस को सँग रहेको मर्मत कसले गर्ने कार्यालयसंग अभिलेख राखेको देखिएन ।साथै कार्यलयले गत बिगत बर्षमा कति खरिद गरी जडान गरेको थियो प्रमाण पेश भएको छैन । पालिका भित्र पालिकाले जडान गरेका क्यामाराको अभिलेख राख्नु पर्दछ । अतः पालिकाले कार्यसम्पन्न प्रतिबेदन बेगर खर्च लेखेकोले सोको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| भौचर नं. र मिति | कामको बिवरण | रकम | कैफियत |
|---|---|---|---|
| ३२५।२०८१।१।१७ नपा पुँजिगत | सि सि क्यामरा जडान | ४९७७६५ | लागत अनुमान र कार्यसम्पन्न प्रतिबेदन नभएको । |
| ५२२।२०८१।२।३१ | सि सि क्यामरा जडान | ५१००८१ | लागत अनुमान र कार्यसम्पन्न प्रतिबेदन नभएको । |
| ५६१।२०८१३।२४ | सि सि क्यामरा जडान | ६३९८२८ | लागत अनुमान र कार्यसम्पन्न प्रतिबेदन नभएको । |
| २०५८।२०८१।३।२३ | वडा भित्र सि सि क्यामरा जडान वडा न -४ | २९९९६३ | लागत अनुमान र कार्यसम्पन्न प्रतिबेदन नभएको । |
| १७९७।२०८१।३।११ | वडा भित्र सि सि क्यामरा जडान वडा न -८ | २१७४९६ | लागत अनुमान र कार्यसम्पन्न प्रतिबेदन नभएको । |
| १७०३।२०८१।२।३१ | वडा भित्र वत्ति तथा सि सि क्यामरा जडान वडा न | ९९७०० | लागत अनुमान र कार्यसम्पन्न प्रतिबेदन नभएको । |
| १७०६।२०८१।२।३१ | वडा वत्ती जडान वडा | ९८६८० | लागत अनुमान र कार्यसम्पन्न प्रतिबेदन नभएको । |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,६३,५१३ |

२६.२ **शैक्षिक कर्जा** - नगरपालिका शैक्षिक कर्जा दिने सम्वन्धी बनेको निर्देशिका, २०७६ बमोजिम बिपन्न शैक्षिक कर्जा दिने ब्यवस्था छ।यस पालिकाले आर्थिक बर्ष २०७६।७७मा निम्न व्यक्तिलाई रू २७६८०००।०० शेक्षिक कर्जा उपलव्ध गराएको देखिन्छ भने हाल उक्त कर्जाको अवधि पुरा भएको वा भाका नाघेको देखिन्छ । नगरपालिका कार्यालयले सम्झौता गरी दिए अनुसार अवधि पुगेका ब्यक्तिबाट कर्जा असुल गरी नगरपालिका कोषमा दाखिला हुनुपर्दछ ।

| सि. नं. | ब्यक्तीको नाम | कर्जा मिति | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अभिषेक महर्जन | २०७६।७।१५ | ५०००० |  |
| २ | सोहिल महर्जन | २०७६।९।१५ | ५०००० |  |
| ३ | करिना महर्जन | २०७६।१०।५ | ५०००० |  |
| ४ | रूजन मर्जन | २०७६।१०।८ | ५०००० |  |
| ५ | सजिना कपाली | २०७६।१०।८ | ५०००० |  |
| ६ | इन्देवी महर्जन | २०७७।३।११ | २६८००० | ५ बर्ष नपुगेको |

२६.३ **वडाबाट आर्थिक सहायता** - स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार नगरपालिकाले कार्यविधि निर्माण गरी नगरपालिका निर्णय अनुसार मात्र आर्थिक सहायता बितरण गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले वडा न १०को निर्णयका आधरमा भौचर १९९३।२०८१।३।२०बाट ५ जनालाई रू १०००००।०० आर्थिक सहायता बितरण गरेको देखिन्छ । यसरी कार्यविधि र नगरपालिकाको निर्णय वेगर सहायता वितरण गरेको नियमसम्मत् नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

२६.४ **अनुत्पादक क्षेत्रमा लगानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस पालिकाले सामुदायिक भवन, मसानघाट क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो।यस केही उदाहरण निम्न छन्

| सि.नं. | भौचर नं. र मिति | योजनाको नाम | रकम |
|---|---|---|---|
| १. | १८१।२०८०।१०।१६ | चाफल पार्टी निर्माण उ. स. | १२६६००० |
| २. | १८४।२०८०।१०।१६ | बिष्णुमन्दिर निमार्ण उ. स. | १२६७४७५ |
| ३. | ३२८।२०८१।१।२५ | चिलुचोमा मन्दिर नि. उ. स. | २०००००० |
| ४. | ३६८।२०८१।२।१३ | बुद मन्दिर संरक्षण समिति | १४६२५०० |
| ५. | ३९८।२०८१।२।२२ | बवन्देवासिनी मन्दिर मर्मत उ. स. | ९७२५०० |

२६.५ **सामुदायिक भवन निर्माण**- स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ भने दफा ९७ मा गाउपालिका तथा नगरपालिका आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको संरक्षण गर्ने जिम्मेवारी स्थानिय तहको रहेने व्यवस्था छ।यस पालिका कार्यालयले उक्त उल्लेखित व्यवस्था विपरित सरकारी सार्वजनिक जग्गाको संरक्षण नगरी सार्वजनिक जग्गामा लालपुर्जा र नक्शा पास नगरी निम्न सामुदायिक भवन निर्माण गरी भुक्तानी दिएको रकम नियमसम्मत् देखिएन ।अतः पालिकाले यस्तो कार्यमा नियन्त्रण गरी समुदायको स्वामित्वमा भएको जग्गामा मात्र भवन निर्माण गर्नुपर्दछ।केही उदाहरण निम्न छन्

| सि.नं. | भौचरनं. र मिति | योजनाकोनाम | रकम |
|---|---|---|---|
| १ | २५।२०८०।४।३१ | आदर्श नगर जन्चापन सामुदायिक भवन निमार्ण | १४५६९०० |
| २ | २९।२०८०।४।३१ | कटुझोला पार्टी निर्माण | १४२९८०० |
| ३ | ६९।२०८०।६।२३ | जलबिनायक सामुदायिक भवन निर्माण | २२९०५०० |
| ४ | १६६।२०८०।१०।१० | पाचापन सामुदायिक भवन निर्माण | ८६७८०० |
| ५ | २७४।२०८०।१२।२२ | टकर्चा सामुदायिक भवन निर्माण | १८६१३०० |
| ६ | ३१७।२०८१।१।१३ | शैकधर जेष्ठ नागरिक भवन निर्माण | १४६२५०० |
| ७ | ३८७।२०८१।२।१७ | इमाडोल सामुदायिक भवन निर्माण | ६८२५०० |
| ८ | ४४३।२०८०।३।७ | समल सामुदायिक भवन निर्माण | १९१६००० |
| ९ | ४४६।२०८१।३।१० | खड्गी गुठी भवन निर्माण | १४६२००० |
| १० | ५१७।२०८१।३।२२ | गुठी सामुदायिक भवन निर्माण | ९२६००० |
| ११ | ५३०।२०८१।३।२३ | तामाङ्ग गाउ सामुदायिक भवन निर्माण | ४८५००० |
| १२ | ५३१।२०८१।३।२३ | कमल पोखरी सामुदायिक भवन निर्माण | ९४९००० |
| १३ | ५६३।२०८१।३।२४ | देवकोटा जेष्ठ नागरिक भवन निर्माण | १७५३००० |

२७ **डि.पि.आर निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को १ मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सुचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्ने र बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ । पालिकाले यो आ व मा सो ब्यवस्थाको पालना नगरी स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको देखिन्छ । यसरी नियमको पालना नगरी र बजेटको सुनिश्चता नभई डिपिआरमा खर्च गरेको रकम नियम संगत नदेखिएनुको साथै लागत अनुमान बेगरको डिपिआर खर्च लेखेको नियमसंगत नदेखिएको रू

| क्र.सं. | कार्य विवरण | परामर्शदाताको नाम | स्विकृत लागत अनुमान | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १. | कीर्तिपुर प्रवेश द्धार डि.पि.आर | सी.एस.डी.कन्सल्ट प्रा.लि. | ४९७७६५। | ४९७७६५।०० | लागत अनुमान बेगरको खर्च |
| २. | न.पा.को संगठन र व्यवस्थापन सर्वेक्षण | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ४३७६६७। | ४३७६६७।०० | नभएको |
| ३. | फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र | स्नेहा डिजाईन एण्ड बिल्डर्स | ४९४९४० | ४९४९४० | नभएको |

डिपी.आर.तयार गर्दा पालिकामा भएका प्राविधिक जनशक्तिको प्रयोग नगर्नाको कारण स्पष्ट गरी यो कार्य गराउनु पर्दछ ।पालिकाले परामर्श सेवा खरिद गर्दा प्याकेजहरु बनाएर प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने र यसरी अध्ययन प्रतिवेदनवाट तयार भएका आयोजनाहरु कार्यान्वियनमा लैजानु पर्नेमा सो बमोजिम गरेको पाईएन । यसरी कार्यालय संग जनशक्ती हुदा हुदै र कार्यालयले गर्न सक्ने कार्य समेत परामर्श दाताबाट गराएको नियमसंगत नदेखिनुको साथै प्राप्त डिपिआर अभिलेखको रूपमा राख्नु पर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ४,९७,७६५ |

### २८ जन प्रतिनिधिबाट खरिद कार्यमा सम्झौता

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिनु पर्ने ब्यवस्था छ भने ऐनको दफा १६को (ग) मा वडा अध्यक्षको काम कर्तब्य र अधिकार स्पष्ट तोकिएको छ । यस नगरपालिका कार्यालयले उक्त ऐनमा भएको ब्यवस्था पालना नगरी जनप्रतिनिधिबाट प्रदान गरिएको अधिकारको पुनः प्रयोग गरी वडा अध्यक्ष्यबाट कोटेशन लिने सदर गर्न र योजनाको हकमा उपभोक्ता संग सम्झौता गर्ने गरेको देखिन्छ । अत नगरपालिका कार्यालयले अख्तियारी पाप्त पदाधिकारी बाट मात्र खरिद र निर्माण कार्यका सम्झौता गरी कार्य सम्पादन गर्नु पर्दछ । केही उदारण निम्न छन,

| सि. न. | योजनाको नाम | वडा न | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ट्रयाङ्क चोक हुदै आदिमा चोक जाने बाटो ढलान | १ | ७५०९०० | |
| २ | हरियाली पार्क अगाडी भित्र बाटो ढलान | २ | २००००० | |
| ३ | सागल पानी टंङ्की निर्माण | ३ | १७३६५०० | |
| ४ | तामाङ्ग गाउ सामुदायिक भवन निर्माण | ४ | ४८१७०० | |
| ५ | बिष्ट गाउभित्र बाटो ढलान | ५ | १४३५८०० | |
| ६ | साना गाउभित्र बाटो निर्माण | ६ | ५००००० | |
| ७ | पर्यटक मार्ग हाईटेक रूट निर्माण | ७ | ९४५३०० | |
| ८ | हुनमानघाटको उकालो बाटो निर्माण | ८ | ८३७००० | |
| ९ | ढल्पा गणेश मन्दिर आसपास सडक निर्माण | ९ | ७९७९०० | |
| १० | सुनदर वस्ती बाटो स्तरोन्नती | १० | ४०४००० | |

२९ **व्यक्तीको नाममा पार्टीको चेक**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा कुनै पनि कार्यको भुक्तानी दिदा सम्बन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्ने ब्यवस्था छ । यस पालिका कार्यालयले बिभिन्न प्रकारका निर्माण र खरिदका कार्य अमानतबाट गराई निम्न पदाधिकारी तथा कर्मचारीको नाममा भुक्तानी दिएको देखिन्छ । कार्यालयले कार्य गरे वापतको रकम सम्वन्धित पार्टीलाई भुक्तानी नदिई तेस्रो ब्यक्ति वा जनप्रतिनिधिको ब्यक्तिगत नाममा चेक जारी गरी भुक्तानी दिएको नियमसंगत देखिएन । कार्यालयले नियमको पालना नगरी पार्टीको नाममा जारी गर्नु पर्ने चेक ब्यक्तिको नाममा जारी गरी भुक्तानी गरेको नियमित गर्नु पर्ने देखिएन । अत नगरपालिका कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्दछ । केही उदाहरण निम्न छन्

| भौचर न र मिति | योजना वा कामको नाम | पदाधिकारीको नाम | पद | वडा न | रकम |
|---|---|---|---|---|---|
| २०२९।२०८१।३ ।२२ | देव डिजाईन अपडेट बैष्णवी मा बि | दुर्गालाल माली | वडा सदस्य | ७ | ९८८०८ |
| १५९४।२०८१। २।१४ | महिला लक्षित कार्यक्रम | जमुना महर्जन | का पा सदस्य | १ | ८१०९५ |
| १८११।२०८१।३।१३ | जेष्ठ नागरिक प्रोत्सान कार्यक्रम | हरेराम महर्जन | वडा सदस्य | १ | ४९२५० |
| १५५५।२०८१।२।७ | महिला लक्षित कार्यक्रम | सरस्वती ज्ञवाली पौडेल | वडा सदस्य | १ | ९४५६४ |
| ४४८।२०८०।७ ।१६ | सास्कृतिक जात्रा पर्व संचालन | सानुमाया महर्जन | वडा अध्यक्ष | ८ | १२५५८७ |
| १९३२।२०८१। ३।१८ | खेलकुद कार्यक्रम आयोजना | दिल कुमारशाही | वडा सदस्य | ३ | ४०३८५ |
| १९०४।२०८१ ।३।१७ | युवालक्षित कार्यक्रम | रामदेवि महर्जन | वडा सदस्य | ३ | ९४५८७ |
| १७९४।२०८१। ३।११ | महिला लक्षित कार्यक्रम | रामदेवि महर्जन | वडा सदस्य | ३ | ८५३५० |
| १९७४।१९४९। लगायत ६ भौचर | बिभिन्न कार्य | रमेश प्र नेपाल | वडा सचिव | ६ | ११७४९७७ |
| १७१८ लगायत ८ | बिभिन्न कार्य | चन्द्रमाया महर्जन | कर्मचारी | ७ | ७५६००० |
| १७८७ लगायत ४ | बिभिन्न कार्य | ज्ञानेन्द्र महर्जन | कर्मचारी | ५ | ३९०६४४ |
| १९९५ लगायत ४ | बिभिन्न कार्य | अन्जु महर्जन | कर्मचारी | ५ | ६८५९०० |
| ९९२ लगायत २ | बिभिन्न कार्य | काजिराम मताकार | कर्मचारी | ३ | ३१७०७९ |
| १०६५लगायत ८ | बिभिन्न कार्य | वालकृष्ण सापकोटा | वडा सचिव | ४ | १७७४१०८ |
| २०८१ लगायत १४ | बिभिन्न कार्य | श्रीकृष्ण मर्जन | वडा सचिव | ९ | १२५००३६ |
| १६३४ लगायत ४ | बिभिन्न कार्य | सृजना महर्जन | कर्मचारी | १० | ४५०६०६ |

### ३० दर बिश्लेषण बेगरको दर

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को १० मा खर्च गर्दा कार्यालय प्रमुखले चेक जाँच गर्नुपर्ने ब्यवस्था छ ।यस पालिकाले नम्स बेगर सोझै दरभाउ लिने र सोही आधारमा घटी दरवालको दरलाई आधार बनाई भ्रमणमा जाने गरेको देखिन्छ । यसरी नम्स प्रयोग गरी लागत अनुमान तयार नगरी सोझै दरभाउ मागि खर्च गरेको नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अतः पालिकाले यस्ता कार्यमा नियन्त्रण गर्नु पर्दछ । केही उदाहरण निम्न छन ।

| भौचर न र मिति | कार्यक्रमको नाम | भुक्तानी रकम | प्रति ब्यक्ती प्रतिदनको दर | कैफीयत |
|---|---|---|---|---|
| १७८३।२०८१।३।१० | शिक्षा तथा स्वास्थ्य कार्यक्रम वडा न -१० | १७३२५० | ४३८० | महिला स्वयम् सेविका भ्रमण |
| १७४६।२०८१।३।५ | कृषि तथा कौशि खेती प्रवदन कार्यक्रम -८ | ३८८८०० | ६४९० | |
| १६२२।२०८१।२।१८ | होमेष्टे प्रवदन कार्यक्रम | २९५७५० | ४०२९ | |

### ३१ फरक कार्यमा खर्च

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस पालिका निम्न कार्यको रकम भुक्तानी गर्दा कार्यक्रममा उल्लेख भएको कार्यमा खर्च नगरी निम्न अनुसार भ्रमणमा खर्च गर्को देखिन्छ ।यसरी कार्यक्रम तोडमोड गरी खर्च गरेको वास्तविक कार्यमा खर्च भएको देखिदैन ।अत पालिकाले यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ । केहि उदाहरण निम्नानुसार रहेका छन् ।

| भौचार न र मिति | कार्क्रकमको नाम | भुक्तानी रकम | कैफीयत |
|---|---|---|---|
| १७८७।२०८१।३।२१ | पदाधिकारी तथा कर्मचारी क्षमता बिकास कार्यक्रम वडा न ५ | २०५२३० | सिन्धुली भरतपुर भ्रमाण फरक शिर्षक खर्च |
| १७४६।२०८१।३।५ | कृषि तथा कौशि खेती प्रवद्रन कार्यक्रम | ३८८८०० | भ्रमाण अवलोकन खर्च गरेको फरक शिर्षक |
| १६२२।२०८१।२।१८ | होमेष्टे प्रवदन कार्यक्रम | २९५७५० | सिन्धुपाल्चोक भ्रमाण अवलोकन खर्च गरेको फरक शिर्षक |
| १५२९।२०८१।२।४ | वडा महिला स्वम सेबिका क्षमता बिकास कार्यक्रम | २००००० | लमजुङ्ग भ्रमण फरक कार्यक्रम |
| १५२९।२०८१।२।४ | वडा महिला स्वम सेबिका क्षमता बिकास कार्यक्रम | १३८००० | लमजुङ्ग भ्रमण फरक कार्यक्रम |

३२ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकामा निम्नानुसारका भुक्तानीमा आवश्यक प्रमाण कागजात र भर्पाइ पेश नगरी भुक्तानी दिएकोले प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं.मिति | कार्यक्रम | भूक्तानीको विवरण | व्यहोरा | रकम |
|---|---|---|---|---|
| ५७४ २०८०।०८।१८ | वत्ति जडान | देव वहादुर महर्जन | वत्ति जडानको प्रमाण पेश गर्नुपर्ने | ४७५३५।- |
| ५९९ २०८०।०८।२२ | वत्ति जडान | रसिन महर्जन | वत्ति जडानको प्रमाण पेश गर्नुपर्ने | ६८३३५।- |
| ११७९ २०८०।१२।०७ | जात्रा पर्वको लागि वत्ति जडान | श्रीकृष्ण महर्जन | वत्ति जडानको प्रमाण पेश गर्नुपर्ने | ९९५२५।- |
| १४२५ २०८१।०१।१७ | कम्प्युटर मर्मत | युईना कम्प्युटर | कम्प्युटर मर्मत गरेको कुन कम्प्युटर हो के भएको हो प्रमाण पेश | ३८८००।- |
| ४.२०८०।०६।१५ | स्वास्थ्यका सामान खरिद | प्रकाश लुईटेल | पाम्समा दाखिला नभएको | १३७५०।- |
| ६७.२०८०।०८ ।२२ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | मंगल मा.वि. | विल भरपाई लेखापरीक्षणमा पेश नभएको | ३०००००।- |
| ३३.२०८१।०३।१९ | अपाङ्गता संरक्षण नेपाललाई भूक्तानी | अपाङ्गता संरक्षण नेपाल | पेश्की फर्छौटको बिल भरपाई पेश नभएको | २८२२४३।- |
| ३५.२०८१।०३।२१ | एक विद्यालय एक नर्स कार्यक्रम | योमन मेडिसिल्सबाट खरिद | नर्सलाई हस्तान्तरण गरेको प्रमाण पेश नभएको | ४१९१३।- |
| ११.२०८०।०७।१३ | शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम | गोरखनाथ माद्यामिक विद्यालयलाई भुक्तानी | खर्च प्रमाणित गर्ने कागजपत्र पेश नभएको | ९२९०००।- |
| ५४.२०८१।०३।१२ | कार्यालय संचालन खर्च | नानो ट्रेड कन्सर्न | मनिटर,माउस,माउस प्याड,HDMI CABLE आदि खरिद गरेकोमा ति सामान कहाँ प्रयोग भए विवरण नभएको | २५०८६०।- |
| १४ | फिटनेशका सामाग्री खरिद | **H.R.S Adventure pvt.** | सामान कहाँ कुन प्रयोजनका लागि जडान भएका छन् वा मौज्दातमा रहेको छन् कागजातबाट स्पष्ट नखुलेको | ९९३२१९ |
| | | | प्रमाण पेश नगरेको | ३०,६५,७९० |

३३ **नगरपालिका चालु**

३३.१ **खर्च पुष्टयाई गर्ने प्रमाण नभएको-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले निम्न भौचरबाट भुक्तानी दिई खर्च गरेको रकमबाट गरेका कार्यको पुष्टयाई हुने कागजात तथा हस्तान्तरण वितरण तथा जडान गरेका भरपाई भौचर साथ राखेको देखिएन । अत पालिका कार्यालयले खर्च पुष्टयाई गर्ने कागजात तथा प्रमाण पेश गर्नुपर्ने देखिएको रू

| भौचर न र मिति | कार्यक्रमको नाम | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| २०००। २०८१।३। २१ | नगरका बिभिन्न स्थानमा बृक्षारोपण | नगरपालिका | ३५२४९९ | ल ई प्राबिधिक मुल्याङ्कन र बितरण प्रमाण नभएको |
| २१०६। २०८१।३। २४ | वाल संचाल र क्लव प्रवद्रन तथा बिबिध कार्यक्रम | ७ थरीका समान खरिद | २००००० | वितरण भरपाई नभएको |
| २११३। २०८१।३। २४ | बिपद ब्यवस्थापन सामाग्री खरिद | बिभिन्न प्रकारका | ४९१९९४ | निकासा लेखेको तर बुझीलिएको र प्रयोगको अवस्था नखुलेको |
| १७४७। २०८१।३।५ | जात्रा पर्वका लागि बत्ती जडान | ९प्रकारका समान खरिद सहित | २९८३०६ | ल ई प्राबिधिक मुल्याङ्कन र बितरण प्रमाण नभएको |
| १८१६। २०८१।३। १३ | वालवालिका कार्यक्रम टौदह रा मा बि | ३४ प्रकारका समान | १९६२३५ | बिधालय जिन्सी खातामा दाखिला नभएको |
| १८८२। २०८१।३। १७ | मेयर खेलकुद बिकास कार्यक्रम | ३ प्रकारका समान | ११५४९९ | बितरण भरपाई नभएको |
| १६५०। २०८१।२। २३ | आमा समुह दौड प्रतियोगिता | ५००टि शर्ट खरिद वडाले ३५का दरले | २९०००० | ५००थान ५८०का दरले रू २९०००० को खरिद भएको मा १५० थान भरपाई नभएको र ३५ का दरले वडालेबुझेको भरपाई नभएको |
| १६८३। २०८१।२। २८ | राष्टिय मा बि शैक्षिक गुणस्तरीय कार्यक्रम | बिधार्थीका लागि समान खरिद | ८२००० | बितरण भरपाई नभएको |
| १५७९। २०८१।२। ११ | बिपद सम्वन्धी तालिम संचालन | | ३८४५०० | प्रस्ताव पेश गरेको र अन्य प्रमाण पेश नभएको रप्रस्ताव छनौट निणर्ण पेश |
| ३४४।२०। ८०।६।२५ | वडास्तरिय फुटवल कार्यक्रम | सामाग्री खरिद | २३५४९५ | लागत अनुमान र बितरण भरपाई नभएको |
| १०१५।२०। ८०।११।१० | मेयर खेलकुद बिकास कार्क्रम | | ४४५००० | लागत अनुमान र बितरण भरपाई नभएको |
| १०३९। २०८०।११। १४ | गावेल वापतको रकम बज्रवारी लाई भुक्तानी | सडक ग्राबेल | १२४५०० | लागत अनुमान कार्यसम्पन्न र खरिद बिधि नखुलेको |
| २७।२०८०। ११।१५ | नेपाली भाषा एकेडेमीको सेवा एफ एम कार्यक्रम | शिक्षा कार्यक्रम | १६८००० | जनक मिडिया प्रालिले संचालन गरेको डकुमेन्ट्री र अन्य संचालन प्रमाण नभएको |
| १२४८। २०८०।१२। १९ | बिधुतिय सामाग्री जडान | वडा न ३ | ८४५०३ | जिन्सी दाखिला नभएको प्रक्रिया बेगर बेल पेश |

| | | | | |
|---|---|---|---|---|
| २०१०। २०८१।३। २१ | सविन महर्जन | बिल वापत भुक्तानी | ९४२४४ | बिल प्रमाणित गर्ने कागजात पेश नभएको |
| २०११। २०८१।३। २१ | गाडी मर्मत वापत भुक्तानी जि बि अटोवर्क | गाडी मर्मत | ११३१९२ | मर्मत आदेश मर्मत अभिलेख नराखेको |
| २०५४। २०८१।३। २३ | सविन महर्जन | बिल वापत भुक्तानी | ९६५३० | बिल प्रमाणित गर्ने कागजात पेश नभएको |
| २०७०। २०८१।३। २३ | दोस्रो मेयर पुरूष वास्केटवल प्रतियोतिता पे फ | पेरणा मर्जन | ५९१६१३ | खेलकुद समापन तथा कार्यक्रम भएका प्रमाणित गर्ने कागजात प्रतिबेदन नभएको |
| ४३५। २०८१।३।५ | हाजिरी मेशिन जडान | प्लानेट इफासिस प्रा लि | ४६३१३३ | जिन्सी दाखिला नभएको तथा पालिका भरी भएका हाजिर मेशिनको अभिलेख नभएको |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **७९९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **९७,८०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,२७,२४३ |

३३.२ **वडा बाट समान खरिद**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस पालिकाले वडा कार्यालयबाट पुजिगत प्रकृतिका समान सोझै खरिद गरी वडामा प्रयोग गर्ने गरेका र नगरपालिका कार्यालयमा स्पशिफिकेशन खुलाई पाम्समा दाखिला समेत गरेको देखिएन । यसरी लागत अनुमान बेगर पुँजिगत प्रकृतिका समान वडाबाट खरिद गरेको नियमसंगत देखिएन । साथै उक्त खरिद गरेका समान कहाँ को कसको जिम्मा रहेको खुलाई राखेको देखिएन ।अतः पालिकाले यसरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ।

केही उदाहरण निम्न छन् ।

| भौचर नं. र मिति | समानको नाम<br>कार्यक्रमको नाम | समानको नाम | वडा न | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १९२५।२०८१।३।१७ | वालवालिका क्षमता बिकास कार्यक्रम | १० प्रकारका समान खरिद | ४ | २९९९९९ | लागत अनुमान नभएको प्रयोगको अवस्था नखुलेको |
| २०३८।२०८१।३।२२ | सिप बिकास तथा जनचेतना तालिम | गोष्टी | | ४४०७०० | लागत अनुमान नभएको |

३३.३ **बढी भत्ता भुक्तानी-** स्थानिय तहका पदाधिकारी तथा सदस्य सेवा सुबिधा सम्वन्धि ऐन २०७५, को अनुसुचि १ मा नगरप्रमुखको अध्यक्षतामा हुने बैठक बाहेक अन्य पदाधिकारीको बैठकमा रू १०००।०० बैठक भत्ता दिने ब्यवस्था छ । यस पालिकाले निम्न भौचरबाट उल्लेख भए भन्दा बढी रू ६००००। भुक्तानी भएको देखिन्छ । यसरी ऐनमा उल्लेख भए भन्दा बढी भुक्तानी गरेको रकम नियमसंगत नदेखिएकोले असुल गरी दाखिला गर्नुपर्ने देखिएको रू

| भौचर न र मिति | कार्यक्रकको नाम | बैठक संख्या | हुनु पर्ने दर | सूख्या | भएको | फरक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १९२४।२०८१।३।१७ | किसान सुचिकरण छनौट समिति | ९ | १००० | ६ | १५०० | ५०० | ३००० | |
| १९२९।२०८१।३।१८ | वालवालिकासंग जनप्रतिनिधि कार्यक्रम | २ | १००० | ९ | १००० | ० | ९००० | ९ जनाले बुझीलिएको भरपाई नभएको |
| १९५१।२०८१।३।२० | प्रशिक्षक तथा अन्य भुक्तानी | ४ | १००० | ४८ | १५०० | ५०० | २४००० | |
| ७९८।२०८१।१०।१८ | कार्यक्रम खर्च भुक्तानी रमेश नेपाल | ४ | १००० | ४८ | १५०० | ५०० | २४००० | |

| असुल गर्नुपर्ने | ६०,००० |
|---|---|

३३.४ **भ्रमण तथा अवलोकन कार्यक्रम** - - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस पालिकाले जनताको जिवन स्तरमा सुधार हुने उपलब्धिमूलक कार्यमा खर्च नगरी भ्रमण तथा अवलोकन जस्ता अनुत्पादक कार्यमा खर्च गरेको पाइयो।यसरी अनुत्पादक कार्यमा खर्च गरेको नियमसम्वत् नदेखिएको रू

| भौचर न र मिति | कार्यक्रमको नाम | वडा | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १९३४।२०८१।३।१८ | वालवालिका लक्षित कार्यक्रम | ५ | २००००० | चन्द्रगिरी र भालेश्वर मन्दिर भ्रमण |
| २०३३।२०८१।३।२२ | वडाका बालवालिका क्षमता अभिवृद्धि कार्यक्रम | ८ | १००४८५ | गोदावरी भ्रमण |
| १६४२।२०८१।२।२१ | जेष्ठ नागरिक भ्रमण | २ | ८८४४३८ | |
| १५२९।२०८१।२।४ | वडा महिला स्वम् सेबिका क्षमता बिकास कार्यक्रम | | २००००० | लमजुङ्ग भ्रमण |
| १७८३।२०८१।३।१० | शिक्षा तथा स्वास्थ्य कार्यक्रम वडा न -१० | १० | १७३२५० | महिला स्वम सेबिका भ्रमण |
| १७८७।२०८१।३।२१ | पदाधिकारी तथा कर्मचारी क्षमता बिकास कार्यक्रम वडा न -५ | ५ | २०५२३० | सिन्धुली भरतपुर भ्रमण फरक शिर्षक खर्च |
| १७४६।२०८१।३।५ | कृषि तथा कौशि खेती प्रवद्धन कार्यक्रम -८ | ८ | ३८८८०० | भ्रमण अवलोकन |
| १६२२।२०८१।२।१८ | होमेष्टे प्रवद्धन कार्यक्रम | | २९५७५० | सिन्धुपाल्चोक भ्रमण |

| अनियमित भएको | २४,४७,९५३ |
|---|---|

३३.५ **लागत अनुमान नभएको-** सार्वजनिक खरिद ऐन २०६३,को दफा ५को १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले आर्थिक बर्ष २०८०।८१ मा कार्यालयबाट खरिद गरी भुक्तानी गरिएका कोटेशनका कार्यको लागत अनुमान तयार नगरी सोझै कोटेशन माग गरी भुक्तानी गरेको देखिन्छ ।अतः पालिकाले यस्ता कार्यमा नियन्त्रण गरी खरिद ऐनमा उल्लेख भएको व्यवस्था पालना गर्नुपर्दछ । केही उदाहरण निम्न छन् ।

| भौचर नं. र मिति | कार्यक्रमको नाम | समानको नाम | रकम | कैफिएत |
|---|---|---|---|---|
| १९२५।२०८१।३।१७ | वालवालिका क्षमता बिकास कार्यक्रम | १० प्रकारका समान खरिद | २९९९९९ | लागत अनुमान नभएको |
| २०३८।२०८१।३।२२ | सिप बिकास तथा जनचेतना तालिम | गोष्टी | ४४०७०० | लागत अनुमान नभएको |
| २०४५।२०८१।३।२४ | सिप बिकास तथा जनचेतना तालिम | सरसफाई तथा चेलनामुलक नाटक | ४९४३७५ | लागत अनुमान नभएको |
| २०८४।२०८१।३।२३ | मसलन्द तथा कार्यालय समान | समान खरिद | ८८२०४९ | लागत अनुमान नभएको |
| २१०५।२०८१।३।२३ | पर्यटन सुचना केन्द्र ब्यवस्थापन | समान खरिद | ३८५३३० | लागत अनुमान नभएको |
| १७२४।२०८१।३।२ | सार्स्कृतिक बाजा खरिद ८ | बाजा खरिद | २६२४४२ | |

३३.६ **खेलकुद कार्यक्रम तथा महोत्सव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। तर यस पालिकाले खेलकुद जात्रा महोत्सव बाजा खरिद जस्ता कार्य अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो। अतः पालिकाले जनताको जिवनमा प्रत्यक्ष असर पर्ने उत्पादन मुलक कृषि बिकास कार्यक्रम, पशुपालन तथा अन्य उतपादन मुलक क्षेत्रलाई प्राथमिकता दिई स्थानिय सरकार संचालन ऐन अनुसारका कार्य संचालन गर्नु पर्दछ । केही उदाहरण देहाय अनुसार छन् ।

| भौचर न र मिति | कार्यक्रमको नाम | वडा न | भुक्तानी रकम | कैफिएत |
|---|---|---|---|---|
| १९४९।२०८१।३।१९ | खेलकुद कार्यक्रम तथा महोत्सव | ६ | ९८५००० | रमेश नेपाल |
| १९०७।२०८१।३।१७ | जात्रा तथा महोत्सव | ३ | ८१८८० | बाजा खरिद |
| १७२४।२०८१।३।२ | सार्स्कृतिक बाजा गाजा प्रवद्धन कार्यक्रम | ८ | २६२४४२ | बाजा खरिद |
| १७३९।२०८१।३।२ | सार्स्कृतिक बाजा गाजा प्रवद्धन कार्यक्रम | ९ | २३८९०३ | बाजा खरिद |
| १७१२।२०८१।२।३२ | खेलकुद तथा क्षमता बिकास कार्यक्रम | ४ | ५५३६० | खेलकुद |
| १६५०।२०८१।२।२३ | आमा समुह दौड प्रतियोगिता | | ६६५००५ | |

३३.७ **खेलकुद कार्यक्रमको अवस्था उल्लेख नभएको-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयबाट निम्न कार्यक्रम भएको उपस्थित माइन्युट तथा अन्य कार्यक्रम भएका प्रमाणित हुन काजात नराखी वडा समितिको निर्णय र खर्चका बिल मात्र राखि भुक्तानी गरेको देखिन्छ । कार्यक्रम भएको उपस्थिति माइन्युट, शुरू भएको, र सम्पन्न भएको ,प्रमाणितगर्ने कागजात भए पेश गर्ने अन्यथा नियमसंगत नदेखिएको रु

| भौचर न र मिति | कार्यक्रमको नाम | वडा न | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १९०३।२०८१।३।१७ | खेलकुद प्रतियोगिता तथा तालिम संचालन | ९ | १२०८०० | माइन्युट र कार्यक्रम भएको प्रमाणित कागजात नभएको |
| १९०६।२०८१।३।१७ | खेलकुद प्रतियोगिता तथा तालिम संचालन | १० | ७६१०० | माइन्युट र कार्यक्रम भएको प्रमाणित कागजात नभएको |
| १९०२।२०८१।३।१७ | खेलकुद प्रतियोगिता तथा तालिम संचालन | १ | ७२५०० | माइन्युट र कार्यक्रम भएको प्रमाणित कागजात नभएको |
| १९०८।२०८१।३।१७ | खेलकुद प्रतियोगिता तथा तालिम संचालन | १० | २०००० | माइन्युट र कार्यक्रम भएको प्रमाणित कागजात नभएको |
| १७५५।२०८१।३।५ | खेलकुद प्रतियोगिता तथा तालिम संचालन | ७ | ९२३०० | माइन्युट र कार्यक्रम भएको प्रमाणित कागजात नभएको |
| १९३०।२०८१।३।१३ | खेलकुद प्रतियोगिता तथा तालिम संचालन | ४ | ४२००० | माइन्युट र कार्यक्रम भएको प्रमाणित कागजात नभएको |
| १८३९।२०८१।३।१४ | खेलकुद प्रतियोगिता तथा तालिम संचालन | १ | २२४९० | माइन्युट र कार्यक्रम भएको प्रमाणित कागजात नभएको । बितरण भरपाई नभएको |
| १८३९।२०८१।३।१४ | खेलकुद प्रतियोगिता तथा तालिम संचालन | १० | १५६८३२ | माइन्युट र कार्यक्रम भएको प्रमाणित कागजात नभएको |
| १६४४।२०८१।२।२१ | खेलकुद प्रतियोगिता तथा तालिम संचालन | ४ | ५८६७० | माइन्युट र कार्यक्रम भएको प्रमाणित कागजात नभएको |
| १६७७।२०८१।२।२७ | खेलकुद प्रतियोगिता तथा तालिम संचालन | ९ | ३२२५० | माइन्युट र कार्यक्रम भएको प्रमाणित कागजात नभएको |
| १७०२।२०८१।२।३१ | खेलकुद प्रतियोगिता तथा तालिम संचालन | ७ | ३९०२५ | माइन्युट र कार्यक्रम भएको प्रमाणित कागजात नभएको |

| | |
|---|---|
| अनियमित भएको | ७,३२,९६७ |

३३.८ **दोहोरो खर्च** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को १० मा खर्च गर्दा कार्यालय प्रमुखले चेक जाँच गर्नुपर्ने व्यववस्था छ । यस कार्यालयले महिला स्वमसेबिका तालिम तथा क्षमता बिकास कार्यक्रमबाट लमजुङ्गको भ्रमण खर्च भुक्तानी गर्दा भौचर न. १५३६।२०८१।२।४बाट ज्ञानु थापालाई भ्रमण खर्च भत्ता भुक्तानी लेखेको अवस्थामा पुनः खाना खाजा वापत खर्च रू ४२०१०।०० लेखेको देखिन्छ। यसरी भ्रमण भत्ता लिएको अवस्थामा खाना खाजा बिलको रकम भुक्तानी गरेको नियमसम्वत् नदेखिएकोले सम्वन्धितबाट असुल गर्नुपर्ने देखिएको रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,०१० |

३४ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार बागमती प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ।उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट पदाधिकारी अय सुविधामा वार्षिकरु. ८९,२८,०००।– भूक्तानी भएको छ ।

## ३५ खाना तथा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले यस वर्ष खाना तथा विविध तर्फ ६९,७२,१७३।- खर्च तथा सभा संचालन खर्च तर्फ रू.३,१९,७१२- गरेको छ।आन्तरिक आय रू १७४०२९३४१।-को तुलनामा उक्त खर्चमा ४ प्रतिशत खर्च भएको देखिन्छ । चालु प्रकृतिका खर्चमा नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।विविध खर्चमा निम्नानुसारको सप्लायर्सबाट विभिन्न खाद्य सामाग्रिहंरु खरिद भएको देखिएको छ । जसमा खर्चको पुष्टि हुने प्रमाण रहेको छैन । वैठकको माईनट,निर्णय,समय तालिका,कार्यक्रम लगायतका कुरा स्रेष्ताको साथमा संलग्न रहेका छैनन् ।

| क्र.सं. | भूक्तानीको विवरण | भूक्तानी पाउनेको नाम | रकम रू. |
|---|---|---|---|
| १. | मासिक रुपमा विभिन्न खाद्य सामानहरु खरिद | विवेक खाद्य सप्लायर्स | १५१७९५१ |
| २. | मासिक रुपमा विभिन्न खाद्य सामानहरु खरिद | दि अरोमा क्याफे | १५७६३५८ |

## ३६ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ र यो बर्ष थप भएको ३३ गरी कुल ४६ विवाद दर्ता भएकोमा २४ वटा फछ्र्यौट भएकोमा २२ वटा मुद्दा वाँकि रहेको छ । पालिकाले न्यायीक समितिमा दर्ता भएका मुद्दा समय मै फर्छौट गर्नुपर्दछ ।

| उजुरीको प्रकार | गत आ.व मा फछ्यौंट गर्न बाँकी | यो आ.व मा थप | यो आ.व मा फछ्यौंट | फछ्यौंट बाँकी | फछ्यौंट नहुनाको कारण |
|---|---|---|---|---|---|
| चरन घास दाउरा | | | | | |
| गाली बेइजति | | १ | | १ | सम्पर्कमा नरहेको |
| साध सिमाना | ७ | १९ | ७ | १३ | तारेख गुजरेको अंग नपुगेको, प्रकृयामा |
| पारिवारिक मेलमिलाप | ३ | ५ | २ | ४ | तारेख गुजरेको |
| ज्याला मजदुरी नपाएको | | | | | |
| जग्गा गोगचलन सम्बन्धि बिवाद | ३ | ८ | ३ | ४ | तारेख गुजरेको अंग नपुगेको, प्रकृयामा |
| सामान्य कुटपिट | | | | | |

## ३७ कानून र कार्यान्वयन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस आ व मा ऐन, नियमावली/ कार्यविधि लगायत ५१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।साथै पालिकाले कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।साथै कानूनमा भएको व्यवस्था कार्यान्वियन गर्नुपर्दछ ।

## ३८ नक्शापास र निर्माण कार्य सम्पन्न सम्बन्धी विवरण

पालिकाबाट प्राप्त भएको विवरणअनुसार नक्शापास र निर्माण कार्य सम्पन्न सम्वन्धी विवरण निम्नानुसार रहेको छ ।पालिकाले सेवा प्रवाहलाई प्रभावकारी बनाउदै विवरण अद्यावधिक गर्नुपर्दछ ।

| क्र.स. | घरनक्शा पासको निवेदन संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | गत विगत वर्ष अनुमित लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा | |
| १ | १३९८ | ३३३ | ३८० | ५७ | २१६८ | |

## ३९ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तरसरकारी अख्तियारीको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भएको छ भने पालिका तर्फको आन्तरिक लेखापरीक्षण शाखाबाट भई लेखापरीक्षण प्रतिवेदन पेश भएकोमा प्रतिवेदनमा उल्लेख भएका कैफियतका विषयमा अन्तिम लेखापरीक्षणको अवधिसम्म आंशिक मात्र फर्छौट भएको देखियो ।आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा पेश भएका विषयमा सम्वन्धमा पालिकाले समयमै सुधार गरि आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत बनाउनुपर्दछ।

## ४० लघु उद्यम विकास कार्यक्रम

गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद १० को २ मा स्थानीय तहमा शाखा तथा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ।उद्यम विकास समितिले गरेको अनुगमनको प्रतिवेदन उद्यम विकास समितिको सदस्य सचिवले कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन कार्यलयसमक्ष पेश गरेको पाइएन। पालिकाले यो वर्ष यस कार्यक्रमको लागि १२ लाख खर्च लेखेको देखिन्छ। निर्देशिकामा भएको व्यवस्थाको पालनातर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।साथै यस्ता कार्यक्रम सञ्चालन गर्दा उद्यमशिलतामा टेवा पुग्ने तथा सिप विकास मार्फत जिविकोपार्जन हुने किसिमले गर्नुपर्दछ ।साथै सहभागिहरुको छनौट प्रक्रिया निर्देशिकामा भएको व्यवस्था अनुसार हुनुपर्दछ ।यस अन्तरगत भएका केहि कार्यक्रमहरु निम्नानुसार रहेका छन्।

| क्र.सं. | संकेत | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | खर्च शीर्षक | विनियोजन | खर्च |
|---|---|---|---|---|---|
| ८०३३५४०२५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्तअनुदान) | | | | | |
| १. | २.६.४.८६ | गरिबीनिवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघुउद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | २२५१२ | ८,६०,००० | ८,६०,००० |
| २. | २.६.४.१४ | सम्भाव्यउत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाकोसमुहमा प्रबिधि हस्तान्तरण | २२५१२ | १,४०,००० | १,३४,७२० |
| ३. | २.६.४.८५ | जुनोटिकरोगहरु, AMR सम्बन्धी पैरवी तथा अभिमुखिकरण, AMR Day, Rabies Day | २२५२९ | २,००,००० | २,००,००० |
| कुल जम्मा | | | | १२,००,००० | ११,९४,७२० |

## ४१ सोझै खरिद

**४१.१ लागत अनुमान नभएको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ को १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आर्थिक बर्ष २०८०।८१ मा कार्यालयबाट खरिद गरी भुक्तानी गरिएका कोटेशनका कार्यको लागत अनुमान तयार नगरी सोझै कोटेशन माग गरी भुक्तानी गरेको देखिन्छ । यसरी लागत अनुमान तयार नगरी सोझै कोटेशन लिई खरिद गरिएको कार्य नियमसंगत हो भन्न सकिएन।अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी खरिद ऐनमा उल्लेख भएको व्यवस्था पालना गर्नुपर्दछ । केही उदाहरण निम्न छन् ।

| भौचर नं. र मिति | समानको नाम | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २२३।२०८०।११।१६ | सि सि टि भी तथा वाईफाई जडान | नानो ट्रेड कन्स्न | ५२१७५० |
| ३२५।२०८१।१।१७ | सि सि क्यामरा जडान | | ४९७७५६ |
| ३३४।२०८१।१।२५ | जेनेरेटर खरिद | आई एम इ मार्टीन प्रा लि | १२७०००० |
| ३३३।२०८१।१।२५ | मेशिनरी तथा औजार खरिद | सिम्रिक टेड्र्स | ९७५९८१ |
| ४३६।२०८१।३।२४ | फनिचर्स तथा फिनिसिङ्ग सामाग्री खरिद | | ४८८६१२ |

४१.२ **कोटेशनको कार्य** - सार्वजनिक खरीद ऐन, २०६३, को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ।कार्यालयले आर्थिक वर्ष २०८०।८१ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी खरिदका कार्य कोटेशनद्वारा गरेको देखिन्छ।यसरी बिभिन्न योजनाको निमार्ण तथा खरिदबाट गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी लागत अनुमान तयारी गरी सोही आधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ०.०० देखि ४.२७ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब ९.६६ देखि ४९।६६ प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनद्वारा कार्यालयले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन। अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ।यस्ता केही उदाहरण निम्न प्रकार छन् ।

| भौचर नं. र मिति | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ६।२०८०।४।२९ | शहरी स्वास्थ्य केन्द्र ट्रस निर्माण | ७९८३५१ | ७६४२५७ | ४।२७ | |
| २०।२०८०।४।३० | जिफागलमा व्याटविन्टन कोड निर्माण | ४९०६२४ | ४९०६२२ | ०।०० | |
| २३।२०८०।४।३० | प्रकोप नियन्त्रण टंकी निर्माण | ८९२८२३ | ८७४६८१ | २।१४ | |
| २६६।२०८०।१२।१४ | वडा २ सि सि क्यमारा जडान | ५९७८२० | ५९७८१९ | ०।०० | वडा अध्यक्ष सम्झौता |
| ३९८।२०८१।२।२३ | भु लाख्य सार्वजनिक जग्गा संरक्षण | ९९९५४५ | ९९३४४६ | ।६१ | |
| ४९९।२०८१।३।११ | मंगल मा बि अगाडी बाटो निर्माण | ८६८२१६ | ८५६४१९ | १।३५ | |

४२ **सोझै मसलन्द तथा कार्यालय सामान खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ।पालिकाले कार्यालय सामानको लागि पालिका तर्फ रु ६३,०१,२६२ विनियोजन भएकोमा –रू. ४९,९१,५३८ खर्च भएको पाइयो।सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी सार्वजनिक खरिद कार्य गर्नुपर्ने देखिन्छ ।यस शिर्षकमा खरिद भएका केहि उदाहरण निम्नानुसार रहेका छन् ।

| गो.भौ.नं र मिति | फर्मको नाम | खरिदको विवरण | रकम |
|---|---|---|---|
| ४५९ २०८०/०७/१७ | मान्यामस इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामाग्री | ४,९८,७०९ |
| १२१७ २०८०।१२।१७ | वेभ प्रिन्ट्रस | मसलन्द तथा कार्यालय सामाग्री | ८९७७८५ |
| १४१८ २०८१।०१।१७ | अटो प्रिन्टिङ्ग प्रेस | मसलन्द तथा कार्यालय सामाग्री | २७६७९४ |

४३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसको पालिकाले अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।

४४ **सेवाप्रवाहको स्थिति**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १३९८ | |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | १०५ | |
| मृत्युदर्ता | २२ | |
| बसाईसराई दर्ता | ७ | |
| विवाह दर्ता | ५६ | |
| सम्बन्धविच्छेद दर्ता | ० | |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | १.२५ | |
| कालोपत्रे सडक मर्मत | ३.२५ | |
| ग्राभेल सडक निर्माण | ७.७५ | |
| ग्राभेल सडक मर्मत | ३.२५ | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।यस सम्वन्धमा पालिकाले सुधार गर्नुपर्दछ।साथै सेवा प्रवाहलाई थप वृद्धि गरी अभिलेखिकरण समेत गर्नुपर्दछ ।

४५ **नवीकरणीय उर्जा -**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **९९०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४६ **उपभोक्ता समितिको काम**

४६.१ **उपभोक्ताको काम** - सार्वजनिक खरिद ऐन, २०६३, को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्वेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ।साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृदि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्वेश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रू २४५५२१००६।०० मनासिव मान्न सकिएन।सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ।केही उदाहरण निम्न छन् ।

| सि. नं. | उपभोक्ता समितिको नाम | कामको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १. | डोबु टोल उपभोक्ता समिती | सडक निर्माण | २८८८००० |
| २. | गम्चा सल्यानस्थान बाटो नि. उ. स. | बाटो निर्माण | २४३७४८० |
| ३ | जलबिनायक सामुदायिक भवन निर्माण उ स.. | भवन निर्माण | २२९०५०० |
| ४. | बाघभैरव तचा निर्माण .उ .स . | तचा तथा पार्टी निर्माण | २८५१००० |
| ५. | ढुङ्गे देखि राम मन्दिर जाने बाटो निर्माण उ. स. | बाटो निर्माण | १९४९६६९ |
| ६. | गम्या सल्यान बाटो निर्माण उ. स. | बाटो निर्माण | १९२०००० |
| ७. | टकर्चा सामुदायिक भवन निर्माण उ. स. | भवन निर्माण | १८६१३०० |
| ८. | साइड ड्रेन निर्माण उ. स. | ड्रेन निर्माण | २२३५७३८ |
| ८. | सल्यानटवल भित्र बाटो निर्माण उ. स. | बाटो निर्माण | ३८५९००० |
| ९. | पिपलबोट सरस्वती टोल बाटो ढलान उ. स. | बाटो ढलान | १३८९००० |
| १०. | बाटो निर्माण तथा स्तरोन्नती उ. स. | बाटो निर्माण | ३३६७००० |
| ११. | चिलुचोमा मन्दिर निर्माण.उ .स. | मन्दिर निर्माण | २०००००० |
| १२ | नगाउ चिखु सडक नि. उ. स. | बाटो निर्माण | २६४६१३२ |
| १३ | बिष्णु देबि बाटो ढलान उ. स. | बाटो ढलान | १८८९००० |
| १४ | दिइखु जाने बाटो ढलान तथा वाल निर्माण. उ. स. | बाटो ढलान | ३८८३००० |
| १५ | परासी टोलदेखि टोकासी बाटो निर्माण उ .स. | बाटो निर्माण | २८९७३३८ |

४६.२ **गुणस्तर परीक्षण**- सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस

स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।अतः कार्यालयले निर्माण तथा खरिद गरेका समानको परिक्षण गराउन तर्फ ध्यान दिनु पर्दछ।केही उदाहरण निम्न अनुसार छन् ।

| सि.नं. | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १. | वडा न ५ जगवादेखि सडक निर्माण | सडक निर्माण उ. स. | ३३६६००० |
| २. | समल सामुदायिक भवन निर्माण | भवन निर्माण उ. स. | १९१६००० |
| ३. | खड्गी गुठी भवन निर्माण | भवन निर्माण उ. स. | १४६२००० |
| ४. | कट्टुसाल गणेश पुरानो पार्टी निर्माण | पार्टी निमार्ण उ. स. | २४०६००० |
| ५. | बिश्व राष्ट्रिय मा बि ट्रस निर्माण | ट्रस निर्माण उ. स. | १४६१००० |
| ६. | ठुलोधारा बिकास निर्माण | निर्माण उ. स. | ३४१०५०० |
| ७. | चन्द्ररिजर्भब्यापर पानी टंङ्की निर्माण | निर्माण उ. स. | ३८५२९०० |

४६.३ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

४६.४ **अनुगमन समिक्षा नभएको** - स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा १६ (ख) ५ मा उप- प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने व्यवस्था छ यस पालिकामा आर्थिक बर्ष २०८०।८१ मा संचालन भएका योजना तथा कार्यान्वियन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन पेश गरेको देखिन्छ भने पालिकाद्धारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन।अतः यसले गर्दा पालिकाद्धारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन पालिकाद्वारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको व्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिवेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।

४६.५ **पार्टिको नाममा कर कट्टी** – पालिकाले बिल बिजकको भुक्तानी गर्दा पार्टीको नामबाट १. ५ प्रतिशत कर कट्टी गर्नु पर्नेमा सो नगरी पार्टीको कर कट्टी पालिकाको नामबाट कट्टी गरेको देखिन्छ ।यसरी ऐनमा भएको ब्यवस्था बिपरित कर कट्टी गरेको नियमसंगत हो भन्न सक्ने अवस्था देखिएन ।अत पालिकाले सम्वन्धित पार्टीको नामबाट कर कट्टी गरी दाखिला गर्न तर्फ ध्यान दिनु पर्दछ ।केही उदाहरण निम्न छन्

| गो भौ न मिति | योजनाको नाम र पार्टी | बिजक जारी पार्टी | भुक्तानी रकम | कट्टी कर |
|---|---|---|---|---|
| ३८६।२०८१।२।१६ | परासी टोलदेखि टोकासी बाटो नि उ स | अनिता एण्ड राधिका सप्लायर्स | ९७२००० | १४५८० |
| ४०४।२०८१।२।२३ | भान्सेचोर जग्गा संरक्षण उ स | न्यू किर्तिपुर सप्लायर्स | ९६१५०० | १४४२२ |
| ३९५।२०८१।२।२२ | बिष्णु देबि बाटो ढलान उ स | न्यू किर्तिपुर सप्लायर्स | ८३१६०० | १२४७४ |
| ४१३।२०८१।२।२५ | दिइखु जाने बाटो ढलान तथा वाल नि उ स | सेति देबि सप्लायर्स | ३९५८५०० | ५९३७७ |
| ४३१।२०८१।३।४ | वडा न ५ जगवादेखि सडक निर्माण | चम्पा देबि ईन्टरप्रइजेज | १५७७००० | २३६५५ |
| ४४४।२०८१।३।७ | सिमबाटो निर्माण उ स | श्री जित एण्ड सिजन सप्लायर्स | ७२२००० | १०८३० |
| ५१८।२०८१।३।२२ | वडा ५ राराहिल देखि सडक नि उ स | माता बिन्देवासिनी सप्लायर्स | १५४६९०० | २३२०३ |

४६.६ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४६.७ **ढुवानी कर कट्टी नभएको**- आयकर ऐन २०५८ को दफा ८८ (१) को ८मा ढुवानी सेवा वापत तथा ढुवानी साधन भाडामा दिए वापातको भुक्तानीमा २.५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्ने तर मु अ कर मा दर्ता भएको भए १.५ प्रतिशत कर कट्टी गर्नु पर्ने व्र्यवस्था छ । यस नगरपालिका कार्यालय निम्न उपभोक्ता समितिबाट गराएको कार्यमा परीक्षण भिडान गर्दा ढुवानी सेवाले पेश गरेका मु अ कर बिजक बाहेकका ढुवानी सेवाको १.५ प्रतिशतका दरलेमात्र कर कट्टी गरेको देखिन्छ । जसले गर्दा १ प्रतिशतका दरले रू छुट कर कट्टी हुन गएको देखिन्छ। अत नगरपालिका कार्यालयले सम्वन्धितबाट असुल गरी दाखिला गर्नु देखिएको रू

| भौचर नं. | उपभोक्ता समितिको नाम | ढुवानी सेवाको नाम | भुक्तानी रकम | कट्टी हुनु पर्ने रकम | कट्टी भएको रकम | छुट रकम |
|---|---|---|---|---|---|---|
| **४०।२०८०।५।१२** | सल्यान स्थान गाम्था निर्माण उ. **स.** | न्यू बिष्णु सप्लायर्स | **८०००००** | **२००००** | **१२०००** | **८०००** |
| ५४।२०८०।६।८ | जल बिनायक सामुदायिक भवन नि उ. स. | देउती माता नि से | ५७६००० | १४४०० | ८६४० | ५७६० |
| १४७।२०८०।९।१९ | ढुङ्गे देखि राम मन्दिर जाने बाटो नि उ. स. | कलावती इन्टर प्राइजेज | १३०६५०० | ३२६६२ | १९५९७ | १३०६४ |
| १४९।२०८०।९।२३ | लनटोल यचो बाटो नि. उ. स. | आर जि महर्जन ढुवानी सेवा | ४४८५०० | ११२१२ | ६७२७ | ४४८५ |
| १५०।२०८०।९।२४ | सिम बाटो निर्माण उ स | पौरखी निर्माण सप्लायर्स | ५७०००० | १४२५० | ८५५० | ५७०० |
| १६०।२०८०।१०।७ | कार्की गाउ बाटो नि. उ. स. | दक्षिणकालि नि. से. | ११७०००० | २९२५० | १७५५० | ११७०० |
| १८०।२०८०।१०।१६ | काचो तथा उमामहेश्वर उ .स. | बि एण्ड बि सप्लायर्स | १७८०००० | ४४५०० | २६७०० | १७८०० |
| २१०।२०८०।११।९ | महत्त गाउ बाटो स्तरोन्नती नि. उ. स. | पुष्पाञ्जली सप्लायर्स | ८६२४०० | २१५६० | १२९२६ | ८६३४ |
| २१२।२०८०।११।१० | सिम दुधोखरी बाटी नि. उ. स. | पौरखी निर्माण सामाग्री सप्लायर्स | ७४१००० | १८५२५ | १११११५ | ७४१० |
| २१३।२०८०।११।१० | जाखाजनसेवा उपभोक्ता समिति | होम्स सप्लायर्स | ६४६००० | १६१५० | ९६९० | ६४६० |
| २१५।२०८०।११।११ | गम्या सल्यान बाटो नि. उ .स. | पौरखी निर्माण सामाग्री सप्लायर्स | १८०५००० | ४५१२५ | २७०७५ | १८०५० |
| २१९।२०८०।११।१४ | लजगोलभित्र बाटो नि. उ .स. | एम टि सप्लायर्स | ७४१००० | १८५२५ | १११११५ | ७४१० |
| २५२।२०८०।१२।१६ | चोभार सडक स्तरोन्नती उ स | न्यू किर्तिपुर सप्लायर्स | १२०९००० | ३०२२५ | १८१३५ | १२०९० |
| २५७।२०८०।१२।९ | कालिकोट बिष्ट कुल पुजा नि. उ. स. | पौरखी निर्माण सामाग्री सप्लायर्स | ७४१००० | १८५२५ | १११११५ | ७४१० |
| २७४।२०८०।१२।२२ | टकर्चा सामुदायिक भवन नि. उ. स. | निशा सप्लायर्स | ४१८००० | १०४५० | ६२७० | ४१८० |
| २७८।२०८०।१२।२२ | ९ वटा बाटो नि. उ. स. | आर के सप्लायर्स एण्ड ढुवानी सेवा | ८४०००० | २१००० | १२६०० | ८४०० |
| २८२।२०८०।१२।२५ | दुधपोखरीखभित्र सडक नि .उ. स. | आर के सप्लायर्स एण्ड ढुवानी सेवा | ४६८००० | ११७०० | ७०२० | ४६८० |
| २८४।२०८०।१२।२५ | बाघभैरव बाटो नि. उ. स. | पुष्पाञ्जली सप्लायर्स | ४८०००० | १२००० | ७२०० | ४८०० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३०३।२०८१।१।२ | दिखु मुर्धाघर नजिक वाल नि. उ. स. | सेति देबि सप्लायर्स | ९६९००० | २४२२५ | १४५३५ | ९६९० |
| ३१५।२०८१।१।१३ | सल्यानटोल भित्र बाटो नि .उ. स. | आर के सप्लायर्स एण्ड ढुवानी सेवा | १३४०००० | ३३५०० | २०१०० | १३४०० |
| ३१८।२०८१।१२।१३ | चोभार सडक स्तरोन्नती उ. स. | न्यू किर्तिपुर सप्लायर्स | ५६५५०० | १४१३७ | ८४८७ | ५६५० |
| ३५५।२०८१।२।६ | पागा सिकुछेदेखि सडक उ. स. | पागा वालकुमारी सप्लायर्स | ८१४००० | २०३५० | १२२१० | ८१४० |
| ३६०।२०८१।२।१३ | नगाउ चिखु सडक नि. उ. स. | त्रिवेणी टेड्स ईन्टरप्राइजेज | ११३४००० | २८३५० | १७०१० | ११३४० |
| ३८६।२०८१।२।१६ | परासी टोलदेखि टोकासी बाटो .नि .उ. स. | अनिता एण्ड राधिका सप्लायर्स | ९७२००० | २४३०० | १४५८० | ९७२० |
| ४०४।२०८१।२।२३ | भान्सेचोर जग्गा संरक्षण उ. स. | न्यू किर्तिपुर सप्लायर्स | ९६१५०० | २४०३७ | १४४२२ | ९६१५ |
| ३९५।२०८१।२।२२ | बिष्णु देबि बाटो ढलान उ .स. | न्यू किर्तिपुर सप्लायर्स | ८३१६०० | २०७९० | १२४७४ | ८३१६ |
| ४१३।२०८१।२।२५ | दिइखु जाने बाटो ढलान तथा वाल नि .उ .स. | सेति देबि सप्लायर्स | ३९५८५०० | ९८९६२५ | ५९३७७ | ३९५८५ |
| ४३१।२०८१।३।४ | वडा न ५ जगवादेखि सडक निर्माण | चम्पा देबि ईन्टरप्रइजेज | १५७७००० | ३९४२५ | २३६५५ | १५७७० |
| ४४४।२०८१।३।७ | सिमबाटो निर्माण उ. स. | श्री जित एण्ड सिजन सप्लायर्स | ७२२००० | १८०५० | १०८३० | ७२२० |
| ५१८।२०८१।३।२२ | वडा ५ राराहिल देखि सडक नि उ. .स | माता बिन्देवासिनी सप्लायर्स | १५४६९०० | ३८६७२ | २३२०३ | १५४६९ |
| ५६२।२०८१।३।२४ | सिमलेखोला भुषाल टोल हुदै बाटो नि. उ. स. | त्रिवेणी टेड्स ईन्टरप्राइजेज | ९४०००० | २३५०० | १४१०० | ९४०० |
| ९।२०८१।२।२२ | चोभारगेटदेखिबिष्णुदेबि मन्दिर हुदै सडक नि. उ .स. | कलावती ईन्टर प्राइजेज | १०१४००० | २५३५० | १५२१० | १०१४० |
| ९।२०८१।२।२२ | चोभारगेटदेखिबिष्णुदेबि मन्दिर हुदै सडक नि .उ .स. | सेति देबि सप्लायर्स | ६२९००० | १५७२५ | ९४३५ | ६२९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३५,७७८ |

४६.८ **नापी किताव-** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ। प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो।उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ।साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ।यस पालिका कार्यालयद्रारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी

दिएको देखिन्छ।लेखापरिक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडान गर्न सकिएन।अतः कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।

४६.९ **फरक दर भुक्तानी** - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निम्न उपभोक्ता समितिबाट गराएको निर्माण कार्यमा सालको काठमा बढी दरमा बढी भुक्तानी भएको देखिन्छ। यसरी दर बिश्लेषणभन्दा बढी दरमा भुक्तानी दिएको रकम असुल गरी दाखिला गर्नु पर्ने देखिएको रू

| भौचर न | योजनको नाम | समानको नाम | परिमाण | दर | भुक्तानी | फरक |
|---|---|---|---|---|---|---|
| ३४२।२०८१।३।२ | इशानेश्वर शिव मन्दिर ब्यवस्थापन | ढोका तथा झ्याल | २.६९२ | २९६२३४ | ३०३०५३ | १८३५६ |
| | इशानेश्वर शिव मन्दिर ब्यवस्थापन | सालको काठ ८-१२ फिट सम्म | २.२५ | ३१४३५१ | ३२१५९४ | १६०९७ |
| ४०५।२०८१।२।२३ | सागल पानी टंङ्की निर्माण | सालको काठ ८ फिट सम्म | १.१७ | २९६२३४ | ३२१५९४ | २५३५९ |
| ४०९।२०८१।२।२४। | सागल पानी टंङ्की निर्माण पाटुटोल | सालको काठ ८ फिट सम्म | १.१२५ | २९६२३४ | ३२१५९४ | २५३६० |
| ४६३।२०८१।३।१७ | कटुसाल गणेश पुरानो पार्टी नि उ स | सालको काठ ८ फिट सम्म | २.७८ | २९६२३४ | ३२१५९४ | ७०४९४ |
| ५७२।२०८१।३।२४ | आदिनाथ सतल निर्माण उ स | नेपाली सालको काठ पार्किङ्ग | ५.२८ | ६२७५२ | ७३१५० | ५१९९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०७,६५६ |

४६.१० **जनश्रमदान**- सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।यस पालिकाले निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ ।तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको असूल गर्नुपर्ने देखिएको रू

| भौचर नं. र मिति | उपभोक्ता समितिको नाम | मुल्याङ्कन रकम | २० प्रतिशतले हुने | भएको | घटी भएको |
|---|---|---|---|---|---|
| ५०।२०८०।५।२५ | सडक मर्मत उपभोक्ता समिति | ६५२४५७ | १३०४९१ | ११२७८६ | १७७०५ |
| १४९।२०८०।९।२३ | लनटोल यचो बाटो नि. उ .स. | २११३५४५ | ४२२७०९ | ३९४९०० | **२७८०९** |
| ३१५।२०८१।१।१३ | सल्यानटोल भित्र बाटो नि. उ. स. | ४४८४८०८ | ६७२७२१ | ६६५८०८ | ६९१३ |
| ३२६।२०८१।१।१७ | बाटो निर्माण तथा स्तरोन्नती उ. स. | ३९२१८४२ | ६२७४९४ | ५९०८४२ | ३५६५३ |
| ५३२।२०८१।३।२४ | जाखाधारा देखि जनसेवासम्म सडक नि. उ .स | १५४१३७९ | १५४१३७ | १४६३७८ | ७७५९ |
| ५५०।२०८१।३।२४ | दुधपोखरी लनगोल बाटो नि. उ. स. | १०९२००० | २७३०० | १६३८० | १०९२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०६,७५९ |

४६.११ **मु. अ. कर बिजक बेगर भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू.३४५४९१ ।०० नियमसंगत देखिएन

अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी संघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.

| भौचर नं. | उपभोक्ता समितीको नाम | कामको बिवरण | मु.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजकपेश नभएको रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| २८४।२०८०।१२।२५ | बाघ भैरव बाटो नि. उ .स. | सिमेन्ट बोरा ६६७ | ६०६०६ | ५१७८१ | ८८२४ | |
| ३१५।२०८१।१।१३ | सल्यानटोल भित्र बाटो नि. उ. स | सिमेन्ट बोरा ७९९ | ७२७४५ | ६२३२२ | १०४२३ | |
| ३२०।२०८१।१।१७ | पिपलबोट सरस्वती टोल बाटो ढलान उ. स. | सिमेन्ट बोरा ७९९ | ४९७०७ | ४११६८ | ८५३८ | |
| ३२१।२०८१।१।१७ | दुधपोखरी दोबाटो नि. उ. स | सिमेन्ट बोरा ७७२ | ७०२५२ | ४९६१२ | २०६४० | |
| ३२६ ।२०८१।१।१७ | बाटो निर्माण तथा स्तरोन्नती उ. स. | सिमेन्ट बोरा ९३४ डण्डी | १६५५५६ | १२४४१० | ४१४१६ | |
| ३७१।२०८१।२।१३ | चोभार गणेश स्थान सडक नि उ. स. | डण्डी २७४६ के जि | ९०१६४ | ७३८४३ | १६३३२ | |
| ३८६।२०८१।२।१६ | परासी टोलदेखि टोकासी बाटो नि. उ .स. | सिमेन्ट १००२ बोरा | ९११८२ | ७१६४३ | १९५३३ | |
| ३९५।२०८१।२।२२ | बिष्णु देबि बाटो ढलान उ .स | सिमेन्ट ९०७ | ८२५३७ | ७०३९२ | १२१४४ | |
| ४१०।२०८१।२।२४ | आलुपिरो हुदै बिकास कलेज जाने बाटो नि. उ. स. | सिमेन्ट ९१६ | ८३३८५ | ६९०६६ | १४३१८ | |
| ४३१।२०८१।३।४ | वडा न ५ जगवादेखि सडक निर्माण | सिमेन्ट १५२२ | ११४७६४ | १३८५०२ | २३७३८ | |
| ४४४।२०८१।३।७ | सिमबाटो निर्माण उ .स. | सिमेन्ट ४९२ | ४४७७२ | २९७४१ | १५०३१ | |
| ५१६।२०८१।३।२२ | ठुलोधारा बिकास निर्माण | सिमेन्ट १२८० | ११६५२३ | ९२६८४ | २३८३९ | |
| ५३२।२०८१।३।२४ | जाखाधारा देखि जनसेवासम्म सडक नि .उ .स. | सिमेन्ट८३० | ७५५३० | ६३६६१ | ११८६९ | |
| ५७१।२०८१।३।२४ | चन्द्ररिजर्भब्यापर पानी टंङ्की निर्माण उ. स. | सिमेन्ट ८८४ बोरा डण्डी३११९के जी | १२०८९९ | ८२०५४ | ३८८४५ | |
| ९।२०८१।२।२२ | चोभारगेटदेखिबिष्णुदेबि मन्दिर हुदै सडक नि उ स | सिमेन्ट११५७बोर डण्डी ३७७५ केजी | १५४२५१ | ७४२५० | ८०००१ | प्रदेश |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४५,४९१ |

४६.१२

**मु. अ. कर बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ।यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ। यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू.६१७५३ ।०० नियमसंगत देखिएन। अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी संघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्ने पर्ने देखिएको रू.

| भौचर नं. र मिति | उपभोक्ता समितीको नाम | कामको बिवरण | मु.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजक पेश नभएको रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| ४३१।२०८१।३।४ | वडा न ५ जगवादेखि सडक निर्माण | सडक निर्माण | २१६१९४ | १६७९०७ | ४८२४७ | |
| १७९५।२०८१।३।११ | बाटो स्तरोन्नती उपभोक्ता समिति | बाटो निर्माण | ६३२७७ | ५४८२९ | ८४४७ | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **५,०५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ५६,६९४ |
|---|---|

४६.१३ **प्रदेश योजनाबाट दैवि कोष कट्टी** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४६.१४ **दर विष्लेषण भन्दा बढी भुक्तानी** –कीर्तिपुर नगरपालिका दर विश्लेषण अनुसार १. १. ५. ३. आर सि सि फर पि सि सि को लागि ओभर हेड बाहेक रू ११९५३।०० भएकोमा निम्न उपभोक्ता समितिको कार्यमा भुक्तानी गर्दा रु १५४७१।०० राखि रू ३११९४८१। बढी भुक्तानी भएको देखिन्छ । यस सम्वन्धमा पालिकाले बढी दरमा भुक्तानी गर्दाको कुनै आधार प्रमाण भए पेश गर्ने अन्यथा बढी भुक्तानी भएको असुल गरी दाखिला गर्नुपर्ने देखिएको रू

| भौचर न र मिति | योजनाको नाम | परिमाण | भएको दर | हुनु पर्ने दर | फरक | जम्मा | सिमेन्ट मुअ कर कट्टी पछि |
|---|---|---|---|---|---|---|---|
| १६।२०८०।४।३० | ज्वाला देबि बाटो ढलान उ. स. | ५३.४४ | १५४७१ | ११९५३ | ३५१० | १८७५४४ | १४८६३९ |
| ५।२०८०।४।३० | चिठ बाटो ढलान नि. उ .स. | २६.०६ | १५४७१ | ११९५३ | ३५१० | ९१४७० | ७२४९८ |
| ३०।२०८०।४।३० | Naumule guthchovar khanepani | ३३.१८ | १५४७१ | ११९५३ | ३५१० | ११६४६१ | ९८३४४ |

| प्रमाण पेश नगरेको | ३,१९,४८१ |
|---|---|

४६.१५ **पुरात्वविक संरचना निर्माण-** नगरपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा ब्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ को अनुसुची -३ मा पुरात्वविक संरचना निर्माणको कार्यमा ५ प्रतिशत मात्र जनसहभागिता रहने छ भनि उल्लेख गरेको देखिन्छ भने अन्य सामान्य कार्यमा १० देखि २० प्रतिशत जनसहभागिता अंश रहने व्यवस्था गरेको छ ।पालिकाले पालिका भित्र पार्टी मन्दिर र खानेपानी संरचना निर्माणमा प्रयोग हुन समान्य सामाग्रीमा पनि ५ प्रतिशतका दरले जनसहभागिता गरेको प्रमाणका आधारमा भुक्तानी दिने गरेको देखिन्छ।यसरी सामान्य कार्यमा पालिकाले १० देखि २० प्रतिशत श्रमदान हुने भनि उल्लेख गरेको अवस्थामा ५ प्रतिशत मात्र श्रमदानको अंश राखि भुक्तानी गरेको उचित देखिएन।अतः पालिका कार्यालयले पुरात्वविकमा पहिचान भएका भन्दा बाहिरका निर्माण सामाग्रीका कार्यमा सबै उपभोक्ता समितिलाई एकै किसिमको श्रमदान गराउन तर्फ ध्यान दिनुपर्दछ । केही उदाहरण निम्न छन ।

| सि. नं. | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १. | पलपुखु निर्माण तथा सुधार योजना उ. स. | २८८६००० |
| २. | गल्छेदेव मन्दिर परिसर निर्माणउ. स. | १३६५००० |
| ३. | पानीटंङ्की निर्माण पाटु टोल उ. स. | १४६२००० |
| ४. | बुद मन्दिर संरक्षण समिति उ. स. | १४६२५०० |
| ५. | चिलन्चो मन्दिर निर्माणउ. स. | २०००००० |

४६.१६ **बिमा बिल नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नु पर्ने व्यवस्था छ ।यस कार्यालयले निम्न निर्माण कार्यको बिल रकम भुक्तानी गर्दा PS आईटममा राखेको बिमा रकमको मु. अ. कर बिजक बेगर भुक्तानी दिएको देखिन्छ।यसरी कर बिजक बेगर भुक्तानी गरेको नियमसम्मत् नदेखिएकोले निर्माण ब्यावसायीले बिजक लिएको भए सम्बन्धित पार्टीको समायोजन प्रमाण पेश गर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रू

| सि.न. | योजनाको नाम | पार्टीको नाम | बिमा बिल पेश हुनु पर्ने रकम | बिल पेश भएको रकम | फरक |
|---|---|---|---|---|---|
| १ | वडा न ५ जगवादेखि सडक निर्माण | निर्माण उ .स. | १७१९९ | ३९४० | १३२५९ |

| प्रमाण पेश नगरेको | १३,२५९ |
|---|---|

४७ **पेश्की वाँकि**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाँकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत

असूल गर्ने व्यवस्था छ ।पालिकाले उपलव्ध गराएको पेश्की बाँकिको विवरण अनुसार निम्नानुसारको पेश्की फछ्यौंट हुनुपर्ने देखिएको रू.

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको ननाघेको | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | संस्थागत | | | | | |
| ३. | २०८१/०१/०६ | १३२९ | आपतकालिन विपद योजना तथा कार्यक्रम संचालन | नेपाल विद्युत प्राधिकरण कीर्तिपुर वितरण केन्द्र | म्याद नाघेको | ३५,०००.०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **७९६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३१८,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **७५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ३५,००० |

## ४८ खरिद तथा ठेक्का व्यवस्थापन

४८.१ **म्यादथप**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधि भित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनु पर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ।कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरे पछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो।निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ।तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन।तसर्थ कार्यालयले संम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपको विववरण निम्नानुसार छ ।

| ठेक्का नं. | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नु पर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अवधि | सुरु अवधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ३।२०७८।७९ | लायक दरवार पन निर्माण १ | २०७८।८।१६ | ३५९९९८०९ | २०८०।८।१० | ३३०४९८७४ | २०८१ पौष १५सम्म २ पटक | ५० |
| ४।२०७८।७९ | यचो जनसेवा भाजंगलसडक | २०७८।१०।२० | १५५४५७४१ | २०८०।६।२२ | ६२६३३२० | २०८०।८।१०सम्म ३पटक | ५० |
| ८।२०७८।७९ | किर्तिपुर खेल मैदान निर्माण | २०७८।११।३ | ५२४२०१० | | ०० | २०७९असार २०सम्म २ पटक | १०० |

कार्यालयले उपलव्ध गराएको विवरण अनुसार ठेक्का सम्झौता शुरु अवधिको शत् प्रतिशत अवधिभन्दा बढी म्याद थप भएका १ वटा ५० सम्मका २ वटा ठेक्का रहेका छन।साथै एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिए पनि कार्य सम्पन्न हुन सकेको छैन भने किर्तिपुर खेल मैदानको कार्य शुरु नै गरेको देखिदैन र केही ठेक्काको म्याद थप भएको प्रमाण पेश भएको छैन।

४८.२ **कार्य सम्पन्न प्रतिबेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको ब्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । खरिद सम्झौता संख्या, सम्पन्न भएको निर्माण कार्य,प्राप्त भएको माल समान वा सेवाको बिवरण,.निर्माण कार्य सम्पन्न भएको वा मालसमान वा सेवा पाप्त भएको मिति र सम्पन्न निर्माण कार्य,पाप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति माथि उल्लेखित बमोजिमको ब्यहोरा प्रतिबेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने व्यवस्था छ। यस कार्यालय द्वारा आर्थिक बर्ष २०८०।८१ मा संचालित वा बिगत आ.वाबाट सर्दै आएका योजना यस बर्ष सम्पन्न भएका आधारमा कार्यालयले कार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी गरेको देखिन्छ।यसरी कार्यालयले आर्थिक बर्ष २०७९।८० मा कार्य स्वीकार गरी भुक्तानी दिएका योजनाको निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भए पछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिपीकेशन बमोजिम भए नभएको कुरा प्राबिधिक कर्मचारीबाट जाँच बुझ गराई कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्नेमा कार्य सम्पन्न प्रतिबेदन तयार गरेको बिवरण लेखापरीक्षणको समयमा उपलब्ध भएन।कार्य सम्पन्न प्रतिबेदन बेगर कार्यालयले स्वीकार गरेका योजनाहरूको कार्य, स्वीकृत ड्रइङ्ग डिजाइन गुणस्तर र स्पेसिफिकेशन अनुसार भएको छ भन्न सकिने आधार देखिएन । अतः कार्यालयले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजि सम्पन्न योजनाको कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्दछ ।

४८.३ **नन् फाईलरलाई मु. अ. कर भुक्तानी** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ को १ मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ, साथै दफा 19 को २ मा उक्त अबधिमा कर नबुझाएमा बाँकी रहेको रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको नन फाईलर फर्मलाई रु ।०० मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा उक्त फर्म विगत निम्न समयदेखि नन फाईलर रहेको देखिएकोले नियमावलीको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ. नं. र मिति | पार्टीकोनाम | कामकोनाम | ननफाईलरमिती | मुअकररकम | कट्टीरकम | भुक्तानी | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| ६५।२०।८०।६।३१ | ए एण्ड एस निर्माण सेवा | हुनमान घाट सडक निर्माण | २०८० असार | ४३७५२८ | १३१२५८ | ३०६२७० | |
| ७७।२०८०।६।३० | सिम्रिक कन्स्टक्शन | ल्याल सडक निर्माण | २०८० असार | ५०२५३४ | १५०७६० | ३५१७७३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५८,०४३ |

४८.४

**ठेक्का व्यवस्थापन** - सार्वजनिक खरिद नियमावली, २०६४ मा प्रथम चौमासिक भित्र ठेक्का सम्झौता गरि सक्नु पर्ने व्यवस्था छ । ठेक्काको अभिलेख परीक्षण गर्दा यस वर्ष देहाय अनुसार रु ४ करोड ५ लाख ३६ हजारको ८ वटा ठेक्का सम्झौता भएको देखिन्छ ।

| ब.उ.सि.नं. | जम्मा | | प्रथमचौमासिक | | दोस्रोचौमासिक | | तेस्रो चौमासिक | | यसवर्षसम्पन्न |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| न पा पुजिगत | ८ | ४०५३६ | ०० | ०० | ०० | ०० | ८ | ४०५३६ | २ |

यस बर्ष सम्झौता भएको कूल रु ४ करोड ५ लाख ३६ हजारको ८ ठेक्का मध्ये पहिलो चौमासिकमा ० वटा, दोस्रो चौमासिकमा ० वटा र तेस्रो मासिकमा ८ वटा सम्झौता भएको देखिन्छ । यस बर्षको कुल ठेक्का सम्झौता मध्ये २ वटा ठेक्का यसै आर्थिक वर्षाभित्र सम्पन्न भएको देखिन्छ। पहिलो चौमासिक भित्र सबै ठेक्का वन्दोवस्त हुन नसकेकोले यस आर्थिक वर्षा भित्र न्युन लागत भएका ठेक्का सम्पन्न भएको देखिन्छ। नियमानुसार ठेक्का वन्दोवस्त सम्बन्धी कार्य समयमै सम्पन्न गर्नुपर्दछ ।

४८.५ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३, को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्प्रधी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.६६देखि ४९.६६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियनमा गराएको पाइयो । पालिकाले स्वीकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भए पनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नु पर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको निम्न अनुसार छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटीप्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | सामलटोल ओरालो सडक | २।२०८०।८१ | K&S lawing-jay Kalika j v | २८५५९९९९ | १८९२१३८८ | ३३.०६ |
| २. | नम्ख्वा पागा सडक | ६।२०८०।८१ | L.N.M nirman sewa | ३१६६३३२ | ३०५७९४ | ९.६६ |
| ३. | पुष्पलाल स्मृति प्रतस्ठान | ७।२०८०।८१ | Neha nirman sewa | ३२२६९९२ | २१०३०७३ | ३४.८२ |
| ४. | वडा न ४ ५ ६भुक्षय नियन्त्रण | ८।२०८०।८१ | Jharnaconstruction | ९०६३८०४ | ४५६२२७४ | ४९.६६ |
| ५. | बुद मुर्ति निर्माण | ९।२०८०।८१ | Y.K. sjsne con | १९८९९३० | १९७७५०० | ०.६६ |

४८.६ **ट्याक कोट**- सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले देहायका सडक कालोपत्रे कार्य बोलपत्रबाट गराउदा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत प्रति वर्ग मिटर १ लिटरका दरले भुक्तानी दिएको देखियो । पालिकाले प्रति वर्ग मिटरमा ०.४ लिटरले बढी हुने गरी भुक्तानी दिएको नियमसंगत नदेखिएको रु.

| भौचर न | योजनाको नाम | परिमाण | हुनु पर्ने | भएको | फरक | दर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १३४।२०८०।९।१८ | यैचो जनसेवा दहन सडक | ८३७० | ५०२२ | ८३७० | ३३४० | २८० | ९३५२०० |
| ७७।२०८०।६।८० | त्याल सडक वडा न १ २ र १० | २७६६ | १६५९ | २७६६ | ११०६ | १८१ | ३०७५७९ |

| | |
|---|---|
| अनियमित भएको | १२,४२,७७९ |

४९ **सामाजिक सुरक्षा भत्ता वितरण**

आर्थिक वर्ष २०८०।८१ मा पालिकाले वितरण गरको सामाजिक सुरक्षा भत्ता वापतको रकम र लाभग्राहिको विवरण देहाय बमोजिम रहको छ। पालिकाले यस सम्वन्धी विवरण अद्यावधिक गरी राख्नुपर्दछ । साथै गत वर्षमा निष्क्रिय खाता भए/नभएको यकिन गरी निष्क्रिय खातामा रहेको रकम पालिकाको खातामा ल्याउने व्यवस्था गर्नुपर्दछ ।

| वडामा भएको खर्च (तिनवटै चौमासिक) | रकम |
|---|---|
| वडा नं १ | १४६४५५१५ |
| वडा नं २ | १३५२७१८५ |
| वडा नं ३ | १८०३९६९९ |
| वडा नं ४ | १६५७०८६९ |
| वडा नं ५ | १८८१०१०५ |
| वडा नं ६ | २३३००२२५ |
| वडा नं ७ | ८४१५१६० |
| वडा नं ८ | १४०७२८३९ |
| वडा नं ९ | १५७६०२८४ |
| वडा नं १० | २१२४०५४१ |
| जम्मा | १६४३८२४२२ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कीर्तिपुर नगरपालिका , कीर्तिपुर नगरपालिका , काठमाडौं

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | माधव प्रसाद ढकाल | २०८१-१-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रविन कुमार शाही | २०७८-४-१७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,४६३,९८३ | ५,३७९,२०४ | २६,५०९,६८३ | ० | ० | २,०३९,४५० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३९,३९२,३२० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६,६४२,०३९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३२,७५०,२८१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३६२०४६२६३.८२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४५७५९१८८३.९४ | चालु खर्च | ६१६८१७७६२.५६ |
| प्रदेश सरकारबाट अनुदान | ४५६३८४३९ | पूँजीगत खर्च | ३६१५६६५८१.८२ |
| राजश्व बाँडफाँट | २१५६६९६१३.०२ | वित्तीय/अन्य व्यवस्था | १८०७२६२५४.८ |
| आन्तरिक आय | १८५११५४३३५.३९ | | |
| अन्य आय | २१५०२७५७८.९१ | | |
| कुल आय | १११९०८१८५०.२६ | कुल खर्च | ११५९११०५९९.१८ |
| बाँकी मौज्दात | | ३२२०१७५१४.९ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- स्थानीय तहमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।